# प्रभाव दैनिक
National Daily


पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


वर्ष १० अंक २२७ काठमाडौं आइतबार, १ पुस २०८० Prabhab National Daily Sunday, December 17, 2023 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।–


सोह्रौं योजनाको मस्यौदा

## जिडिपी ८० खर्बभन्दा माथि पुऱ्याइने

■ हेमन्त जोशी




**काठमाडौं–** सुशासन, सामाजिक न्याय र समृद्धिसहितको आर्थिक विकासको मुख्य लक्ष्यसहित १६औं पञ्चवर्षीय आवधिक योजना (२०८१/८२-०८५/८६) को मस्यौदा अन्तिम चरणमा छ। सोह्रौं योजना निर्माणका लागि राष्ट्रिय योजना आयोगले सबै प्रदेश र स्थानीय तहबाट सुझाव संकलन गरिसकेको छ।

आगामी माघ मसान्तसम्ममा सार्वजनिक गरी २०८१ साल साउनबाट कार्यान्वयनमा जाने नयाँ आवधिक योजना विगतका योजनाभन्दा केही पृथक शैलीमा बन्न लागेको आयोगको भनाइ छ। क्षेत्रगत रणनीतिसहितका हस्तक्षेपकारी कार्यक्रम राखेर आवधिक योजना राखेर मस्यौदा तयार पारिएको छ।

मुख्य १४ शीर्षकमा रूपान्तरणकारी रणनीति, प्रमुख हस्तक्षेपकारी कार्यक्रम र परिमाणात्मक लक्ष्यसहितको खाका आवधिक योजनामा राखिएको छ। समष्टीगत आर्थिक आधारहरूको सबलीकरण र तीव्रतर आर्थिक वृद्धि, उत्पादन उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षालगायतका क्षेत्रगत रूपमा शीर्षक राखिएका छन्।

त्यस्तै, गुणस्तरीय पूर्वाधार एवं एकीकृत यातायात व्यवस्था प्रणाली, आधुनिक, दिगो र व्यवस्थित सहरीकरण तथा बस्ती विकास, लैंगिक सशक्तीकरण, सामाजिक समावेशीकरण र

- विगतका योजनाभन्दा केही पृथक शैलीमा बन्न लागेको आयोगको भनाइ
- मुख्य १४ शीर्षकमा रूपान्तरणकारी रणनीति, प्रमुख हस्तक्षेपकारी कार्यक्रम र परिमाणात्मक लक्ष्यसहितको खाका
- जिडिपीको आकार करिब ३० खर्ब रुपैयाँले वृद्धि गर्ने लक्ष्य
- नयाँ आवधिक योजनाको अन्त्यसम्ममा औसत सातदेखि साढे आठ प्रतिशतसम्म कायम गर्ने

परिचालन, प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरण र सन्तुलित विकास, गरिबी तथा असमानता न्यूनीकरण र समतामूलक समाज निर्माण शीर्षक परिच्छेद् छुट्याइएका छन्। प्रभावकारी वित्त व्यवस्थापन तथा पुँजीगत खर्च क्षमता अभिवृद्धि, अति कम विकसितबाट विकासशील राष्ट्रमा स्तरोन्नतिपश्चात्को सहजीकरण र दिगो विकास लक्ष्य र हरित अर्थतन्त्रलगायतका विषय आवधिक योजनामा राखिएका छन्।

नयाँ आवधिक योजना मस्यौदा निर्माणकै चरणमा छ। प्रारम्भिक र दोस्रो चरणको मस्यौदाको काम सकिसकेको छ भने अहिले परिमार्जित मस्यौदामाथि काम भइरहेको आयोगको भनाइ छ। आवधिक योजनाबारे सबै स्थानीय तह र प्रदेशमा छलफल भइसकेको तथा अब राष्ट्रियस्तरमा अन्तरक्रिया हुन बाँकी रहेको आयोगका सदस्य डा. रामकुमार फुँयालले जानकारी दिए।

'प्रदेश सरकार र स्थानीय तहसँग छलफल सकिएको छ। जाजरकोट भूकम्पका कारण कर्णाली प्रदेशमा छलफल र अन्तरक्रिया हुन सकेको थिएन। यो हप्ता आयोगले त्यो काम पनि सकेको छ। अब विषयगत मन्त्रालयका मन्त्री, संघीय संसद्का सदस्यहरू, संघीय संसद्अन्तर्गतका समितिका सभापति, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, विद्वत्वर्ग, पेसाविद्, विकास साझेदारलगायतसँग छलफल गर्न बाँकी छ,' फुँयालले भने, 'पुसको दोस्रो हप्तासम्ममा परिमार्जित मस्यौदा बनिसक्छ।'


(बाँकी पृष्ठ ३ मा)


## पहिचानको आन्दोलन दबाउने एमाले 'मिसन' !

■ जेबी योञ्जन




**काठमाडौं–** संविधान जारी हुनुभन्दा अघि अशान्त मधेसमा जसरी यसपटक प्रमुख विपक्षी दल नेकपा एमालेले कोशी प्रदेशमा उठेको पहिचानको आन्दोलनलाई दबाउन चाहेको देखिएको छ। एमाले उपाध्यक्ष युवराज ज्ञवालीकै शब्दमा कोशीमा जारी 'आतंककारी गतिविधि'को अन्त्य गर्ने एमालेको राजनीतिक लक्ष्य नै हो। ज्ञवालीले आतंककारी गतिविधि भनेर कोशीमा जारी एमालेविरोधी पहिचानको आन्दोलनलाई भनेका हुन्।

एमाले अध्यक्ष केपी शर्मा ओली, सचिव योगेशकुमार भट्टराईलगायतले पहिचानको आन्दोलनलाई आतंककारी भन्दै आएका छन्। यसकारण 'झुलाघाट-चिवाभञ्ज्याङ' संकल्प यात्राको लुप्त राजनीतिक लक्ष्य नै पहिचान आन्दोलन दबाउने देखिएको हो।

'एमालेलक्षित आतंककारी गतिविधि कोशीमा भइरहेको छ। जुन ठीक होइन। यसको अन्त्य हाम्रो चाहना हो,' उनले प्रभावसँग भने, 'लोकतान्त्रिक प्रक्रियाअनुसार चुनाव लडेर बहुमत प्राप्त गर्दै नाम फेर्ने संवैधानिक आधार छ। त्यसअनुसार साथी (पहिचानवादी)हरू अघि बढे हुन्छ।'

संविधान जारी हुनुभन्दा अघि एमालेले मधेसकेन्द्रित अभियान सञ्चालन गरेको थियो। उक्त अभियानको पृष्ठभूमिमा अन्ततः मधेस आन्दोलन सशक्तरूपमा उठेन। यतिबेला त बिसर्जनउन्मुख छ। जहाँ एमालेविरोधी भावना थियो।

गत वर्षको चुनावबाट भने एमाले त्यहाँ पहिलो दल बन्यो। अहिले



एमालेलक्षित आतंककारी गतिविधि कोशीमा भइरहेको छ। जुन ठीक होइन। यसको अन्त्य हाम्रो चाहना हो।

■ **युवराज ज्ञवाली**
उपाध्यक्ष, नेकपा एमाले



हाम्रो आन्दोलन कुनै दलविरूद्ध होइन। प्रदेशको नाम कोशी राख्ने ८२ जना सांसद र हामीलाई आतंककारी भन्ने ओली, भट्टराईलगायतविरूद्ध हो।

■ **प्रेम एक्तेन**
पहिचानवादी नेता

ठ्याक्कै त्यस्तै स्थिति कोशीमा छ। पहिचानवादीहरूको निशानीमा एमाले छ। जतिबेला मधेस आन्दोलनको बेला मुख्यतः मधेसवादी दलहरूको निशानीमा एमाले थियो। यस्तो अवस्थाबीच एमालेले पहिचानवादीहरूको आन्दोलनलाई कमजोर बनाउन चाहेको उपाध्यक्ष ज्ञवालीले नै बताए।

'झुलाघाट-चिवाभञ्ज्याङ' नाम दिइएको संकल्प यात्राका क्रममा एमालेले पहिचानवादीहरूको चर्को विरोध गरेको छ। अध्यक्ष ओलीले त पहिचानवादीहरूलाई दुश्मनी नगर्न चेतावनी दिए। दुश्मनी कहीँ नपुग्ने पनि उनको भनाइ छ।

'म असहमति राख्ने साथीहरू सबै पार्टी, सबै समूहहरूलाई भन्न चाहन्छु- दुश्मनी गरेर कहीँ पुगिनेवाला छैन। मतभेदहरू हुन सक्दछन्, भिन्नताहरू हुन सक्दछन्। तर, तिनलाई शान्तिपूर्ण ढंगले विधि र प्रक्रियाबाट टुंग्याउन सकिन्छ, त्यस्ता निकायहरू छन्,' उनले शनिबार पाँचथरको फिदिम पुगेर भने।

ओली नेतृत्वको संकल्प यात्रा कोशी प्रदेश प्रवेश गरेलगत्तै त्यहाँबाट पहिचानवादी नेताहरू पक्राउ परेका थिए।


(बाँकी पृष्ठ २ मा)


सन्दर्भः वैदेशिक रोजगार

## अभिमुखीकरण तालिम प्रदायक संस्थामाथि कडाइ

■ प्रभाव संवाददता




**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई अभिमुखीकरण तालिम प्रदान गर्ने संस्थाहरूमाथि कडा नीति अवलम्बन गरेको छ। श्रम, रोजगार तथा अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६ को दोस्रो संशोधन २०८० मार्फत कडाइ गरिएको हो।

वैदेशिक रोजगार विभागले एक सूचना जारी गरी विभागमा दर्ता भई सञ्चालनमा रहेका अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूलाई संशोधित कार्यविधिको दफा (३) बमोजिम मापदण्ड पूरा गरी यही पुस १९ गतेसम्म अध्यावधिक विवरण पेस गर्न निर्देशन दिएको छ। कार्यविधिमा तोकिएको जनशक्तिका अतिरिक्त पूर्वाधार तयार भएको स्पष्ट योग्यता र प्रमाण विभागको अनुगमन शाखामा पेस गर्नुपर्ने विभागले जनाएको छ।

तालिम प्रदायक संस्थाहरूले संशोधित कार्यविधि, २०७६ को दफा ५ को उपदफा ८ बमोजिम प्रशिक्षकको व्यवस्था गर्नुपर्नेछ। उक्त व्यवस्थाबमोजिम कम्तीमा एकजना आफूले छानेको क्लस्टरअनुसारको सोही देशमा गएर फर्किआएको व्यक्ति अनिवार्य प्रशिक्षक हुनुपर्ने मापदण्ड तोकिएको छ। कार्यविधिले संस्थामा राख्ने जनशक्ति र प्रशिक्षकसम्बन्धी गरेको व्यवस्थाअनुसार स्नातक उत्तीर्ण गरी वैदेशिक रोजगारसम्बन्धी प्रशिक्षण गरेका तीनजना प्रशिक्षक, घरेलु श्रमिकको रूपमा कम्तीमा दुई वर्ष वैदेशिक रोजगारमा गएको एवं गन्तव्य मुलुकको भाषाको ज्ञान भएका छ जना प्रशिक्षक र घरेलु श्रमिकको प्रशिक्षण लिएको कम्तीमा प्लस टु गरेका तीनजना प्रशिक्षक हुनुपर्नेछ। जसमध्ये ५० प्रतिशत प्रशिक्षक महिला हुनुपर्ने व्यवस्था संशोधित कार्यविधिमा छ।

त्यस्तै संशोधित कार्यविधि, २०७६ को अनुसूची २ को 'ङ' अनुसार प्रत्येक प्रशिक्षण कक्षमा ८४ इञ्चको स्मार्ट बोर्ड दुईवटा, कम्प्युटर, प्रिन्टर र विभागको फेइम्स प्रणालीसँग मेल खाने आइरिस रेटिना हाजिर मेसिन (आइरिस स्क्यानर) अनिवार्य हुनुपर्ने विभागले उल्लेख गरेको छ। कार्यविधिले संस्था सञ्चालकहरूकोसमेत स्पष्ट मापदण्ड तोकिएको भए पनि विभागले अहिले सञ्चालनमा रहेका संस्थाहरूको अध्यावधिक र प्रशिक्षकसम्बन्धी व्यवस्था गर्न सूचना जारी गरिएको उल्लेख गरेको छ।

तालिम प्रदायक संस्थाहरूमाथि सरोकारवालाहरूबाटै बारम्बार प्रश्न उठाउने र गुनासो गर्न थालेपछि संशोधित कार्यविधिमार्फत थप कडाइ गर्नुपरेको विभागका निर्देशक एवं सूचना अधिकारी कविराज उप्रेतीले बताए। उल्लिखित मापदण्ड पूरा गरी तोकिएको मितिमा संस्थाहरूले अध्यावधिक गराई कार्यसम्पादन गर्न पनि उनले आग्रह गरे। यदी तोकिएको मितिमा आवश्यक जनशक्ति तथा पूर्वाधार पूरा गरी विभागमा विवरण पेस नगर्ने संस्थाहरूको काम कारोबार रोक्का हुने विभागले जानकारी दिएको छ।

## ग्रिस पठाइदिन्छु भन्दै ठगी गर्ने व्यक्ति पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि युरोपेली मुलुक ग्रिस पठाइदिने भन्दै ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। माल्टामा आकर्षक तलबसहितको रोजगारी लगाइदिने भन्दै पीडितसँग रकम लिएर फरार रहेको आरोपमा होमबहादुर तामाङलाई प्रहरीले पक्राउ गरेको हो।

गोर्खाको पालुङटार नगरपालिका-९ घर भई हाल ललितपुर बागडोल बस्ने ५० वर्षीय होमबहादुरले लक्ष्मण सापकोटासमेत दुई जनासँग वैदेशिक रोजगारीका लागि ग्रिस जान प्रतिव्यक्ति १० लाख ५० हजार रूपैयाँ लाग्ने भन्दै पटक-पटक गरी १३ लाख ८४ हजार रूपैयाँ रकम लिई सम्पर्कविहीन बनेको प्रहरीले जनाएको छ।

माल्टाको एक प्रतिष्ठित कृषि कम्पनीमा मासिक एक लाख १५ हजार तलब हुनेगरी काम लागाइदिने प्रलोभनमा पारी पीडितहरूबाट रकम लिएर फरार रहेको अवस्थामा होमबहादुरलाई पक्राउ गरिएको प्रहरीले उल्लेख गरेको छ। उनलाई खोजतालासका क्रममा महाराजगञ्जबाट पक्राउ गरिएको बताइएको छ।

होमबहादुरले पीडितबाट पटक-पटक गरी रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो। सोही आधारमा पक्राउ परेका उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको प्रहरी उपरीक्षक मिलन केसीले जानकारी दिए।







**पहिचानको खोजी** | बागमती प्रदेशलाई 'नेवा–ताम्सालिङ' नामंकन गर्न माग गर्दै शनिबार राजधानीमा नेवार र तामाङ समुदायले गरेको संयुक्त प्रदर्शन । प्रदर्शनमा अन्य जातीय संगठनहरूले पनि साथ दिएका थिए । *तस्बिरः प्रभाव*

# कोप–२८ मा स्वीकारियो डेढ दशकदेखि उठाइएको हिमालका मुद्दा

■ **भीष्मराज ओझा**



**काठमाडौं–** जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलन (कोप–२८)मा पहिलोपटक जलवायुले हिमालमा पारेका असर कोप–२८ निर्णयका दस्तावेजमा समावेश गरिएका छन् । संयुक्त अरब इमिरेट्सको दुबईमा यही मंसिर १४ देखि २६ गतेसम्म भएको कोप–२८ मा प्रारम्भमै अन्य सम्मेलनको तुलनामा हिमालका मुद्दाबारे निकै चर्चामात्र भएन यस मुद्दाले प्राथमिकतासमेत पायो ।

हिमाली मुलुक नेपालले खासगरी सन् २००९ मा डेनमार्कको कोपनहेगनमा भएको कोप–१५ देखि नै जलवायु परिवर्तनले हिमाली पारिस्थितिकीय प्रणालीमा पारेको असरबारे विश्वको ध्यानाकर्षण गराउँदै आएको थियो । त्यसयताका अधिकांश सम्मेलनमा नेपालले प्राथमिकताका साथ हिमालका मुद्दा उठाउँदै आए पनि यसबारेमा अपेक्षाकृत उपलब्धि भएको थिएन ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले कोप–२८ को उद्घाटन समारोहमा नेपालको नाम नै लिएर विश्व तापमानमा भएको वृद्धिका कारण हिमाल पग्लिने क्रम तीव्ररूपमा बढेको उल्लेख गरेका थिए । उनले सम्मेलनको पूर्वसन्ध्यामा गत कात्तिकमा नेपालको भ्रमण गरी सगरमाथा र अन्नपूर्ण आधार क्षेत्रको भ्रमण गरेका थिए । उनको यो भ्रमणले पनि नेपाललाई हिमालका मुद्दा उजागर गर्न सहज भएको हो ।

प्रधानमन्त्री पुष्पकमल दाहालले पर्वतीय मुलुकका मुद्दा उजागर गर्ने गरी यस सम्मेलनमा उच्चस्तरीय गोलमेच बैठकको आयोजना गरेका थिए । नेपालले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघको कार्यक्रममा छुट्टै बैठकको अध्यक्षता गर्दै उच्चस्तरीय बैठक सञ्चालन गरेको यो पहिलोपटक हो ।

बैठकमा महासचिव गुटेरेसले विशेष सम्बोधन गरेका थिए भने एण्डोराका प्रधानमन्त्री, किर्गिज गणतन्त्रका विदेशमन्त्री, भुटानका स्टेट सेक्रेटरीलगायतले सम्बोधन गरेका थिए । पेरिस सम्झौताअनुसार विश्व समुदायले यस शताब्दीको अन्त्यसम्ममा पृथ्वीको तापक्रम १.५ डिग्री सेल्सियसभन्दा बढ्न नदिने सहमति गरेता पनि सन् २०५० भन्दा पहिले नै हिमाली क्षेत्रको तापक्रम सरदर १.८ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ । साथै, उच्च तापक्रम वृद्धिले गर्दा यस क्षेत्रमा रहेका हिमालका दुई तिहाइ हिम भण्डारहरू पग्लिने अनुमान अध्ययनले गरेका छन् ।

सम्मेलनमा नेपालले लामो समयदेखि उठाउँदै आएको हिमालको मुद्दाले पाएको प्राथमिकता र दस्तावेजमा उल्लेख भएकोले आफूहरू निकै उत्साहित भएको वन तथा वातावरणमन्त्री वीरेन्द्रप्रसाद महतोले बताए । युएनएफसिसिसीको सचिवालयले हिमालमा जलवायुले पारेको असरबारे विभिन्न निर्णयका दस्तावेजमा उल्लेख गर्नु नेपालका लागि ठूलो उपलब्धि भएको उनको भनाइ थियो ।

मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख बुद्धिसागर पौडेलले सम्मेलनमा नेपालले गरेको छलफल, वार्ता र पैरवीका कारण हिमालका मुद्दा सम्मेलनका निर्णयमा उल्लेख भएको जानकारी दिए । यसैको परिणाम आगामी जुन महिनामा जर्मनीको बोनमा हिमालका मुद्दामा 'टेक्निलक डाइलग' गरिने भएको छ । 'यो सुरुआतमात्र हो । यसमा विज्ञहरूले गर्ने छलफलबाट तयार हुने प्रतिवेदनले सिफारिस गर्ने र त्यसपछि आगामी कोप सम्मेलनमा यो मुद्दा थप अगाडि बढाउन सहज हुने छ,' उनले भने ।

सम्मेलनमा भएको जलवायुसम्बन्धी पहिलो विश्वव्यापी समीक्षा (जिएसटी) मा हिमालको पारिस्थितिकीय प्रणालीमा काम गर्नुपर्छ, यो बढी जोखिमयुक्त छ भनेर उल्लेख भएको छ । सहसचिव डा. पौडेलले भने, 'अब सन् २०२८ सम्म यही विषयलाई समावेश गरेर दातृ तथा विभिन्न निकायमा प्रस्ताव लेख्दा वा बोल्दा उल्लेख गर्न सहज भयो । यो दस्तावेज अर्को पाँच वर्षसम्मलाई संविधानजस्तै हुन्छ । यसको ठूलो मूल्य छ ।' यसैगरी 'ग्लोबल गोल अन एडप्टेसन'मा पनि हिमालको मुद्दा परेको छ । त्यसको पनि ठूलो अर्थ हुने उनले बताए ।

सम्मेलनमा जलवायुजन्य हानिनोक्सानी कोष स्थापना भएको छ । कोषमा ७०० मिलियन अमेरिकी डलरभन्दा बढी रकमको प्रतिबद्धता सम्मेलनकै क्रममा भएको छ । आगामी जनवरी महिनाभित्र कोष सञ्चालनका लागि बोर्ड गठन भई निर्देशक नियुक्त भएपछि कोष कार्यान्वयनको सुरुआत हुने छ । यसैगरी यस सम्मेलनमा लामो रस्साकस्सीपछि पहिलोपटक जिवाष्मा इन्धन अन्त्यको सुरुआत गर्ने सम्बन्धमा पक्ष राष्ट्रहरूबीच सहमति भएको छ । यो कोप–२८ को ठूलो उपलब्धि हो । जलवायु वित्तमा पनि यस सम्मेलनमा उपलब्धि भएको छ । सम्मेलनमा नेपालले पहिलोपटक स्थापना गरेको मण्डपले नेपालका सम्बन्धमा अन्तर्राष्ट्रिय जगत्मा सकारात्मक सन्देश प्रवाह भएको सरकारी अधिकारीहरूले बताएका छन् ।

विगतका तीन/चार दशकको तथ्यांक हेर्दा हिमालमा प्रतिदशक शून्य दशमलव शून्य पाँच डिग्री सेल्सियसका दरले तापक्रम बढिरहेको छ । यसको असरले खासगरी हिमनदी पग्लिने क्रम तीव्र बढिरहेको छ । विश्व तापमान वृद्धिले सन् १९८० देखि २०१० सम्मको अवधिमा करिब २५ प्रतिशत हिमनदीको क्षेत्रफल घटेको देखिएको छ । हाल नेपालमा सम्भावित जोखिमा रहेका तालको संख्या २१ रहेको छ । चीनको तिब्बतका २५ र भारतको एउटा हिमताल फुट्दा तिनको असर नेपालमा पनि पर्ने छ । नेपालमा दुई हजार ७० हिमताल छन् । *रासस*

## पृष्ठ १ बाट क्रमशः

## पहिचानको...

४० जनाभन्दा बढी नेता कार्यकर्ता र पहिचानका लागि युवा दस्ताका कमाण्डरहरूमध्ये धेरै जना अहिले पनि थुनामै छन् । कतिपयलाई प्रहरीले अझै खोजिरहेको छ ।

यसरी पहिचानवादी नेताहरू पक्राउ परेर थुनामा रहँदा पहिचान आन्दोलनलाई धक्का पुग्ने ठानिएको छ । तर, प्रदेश १ पुनःनामांकन संघर्ष समितिका एक जना नेता प्रेम एक्तेन पहिचान आन्दोलन थप उचाइमा पुगेको बताउँछन् ।

'हाम्रो आन्दोलन कुनै दलविरुद्ध होइन । प्रदेशको नाम कोशी राख्ने ८२ जना सांसद र हामीलाई आतंककारी भन्ने ओली, भट्टराईलगायतविरुद्ध हो,' उनले भने, ' अहिले हामी लगातार आन्दोलित छौं । हाम्रो मागबारे ध्यानाकर्षण गरिरहेका छौं । यसले त हाम्रो आन्दोलन झन् सुनिने भएको छ ।'

एमालेको संकल्प यात्रालाई पहिचानवादीहरूले यसअघि नै ' कोशी'नाम स्थापित गराउने र आफूहरूविरुद्धको कदमको रूपमा अर्थ्याएका थिए । त्यही भएर एमालेको यात्रालाई प्रतिरोध गर्ने उनीहरूको घोषणा थियो । ठाउँठाउँमा रुख ढाल्नेदेखि सडक बन्द घोषणा गरेर बाधा पुर्‍याउने प्रयास गरे । कतै भने अध्यक्ष ओलीलगायत नेताहरूलाई पहिचानवादीहरूले कालो झण्डा देखाएका थिए । तर, धेरै नेता कार्यकर्ता पक्राउ परेपछि उनीहरूको प्रतिरोध पनि प्रभावी भएन ।

यद्यपि, पहिचानवादीहरूले एमालेको यात्राले आन्दोलनमा केही प्रभाव नपर्ने बताउँदै आएका छन् । गत वर्षको १७ फागुनमा ओली नेतृत्वको एमालेकै नेता हिक्मतकुमार कार्कीको सरकार छँदा प्रदेश संसद्बाट कोशी नाम बहुमतले पारित गरिएको थियो । प्रदेश संसद्मा एमालेका सर्वाधिक ३९ जना सांसद कोशीको पक्षमा थिए । कांग्रेसका २९ जना, माओवादीका १३ जना र राप्रपाका छ जना सांसदले पनि कोशी नाम पारित गर्न मतदान गरेका थिए ।

यसपछि पहिचानवादीहरूले कोशीलाई गोत्रीय नाम भन्दै खारेजीको माग गर्दै आएका छन् । प्रदेशको नाममा मतदान गर्ने ८२ जना सांसदलाई अवरोध पुर्‍याउँदै आएको छ । ओलीसहितका नेताहरूलाई यसअघि अवरोध पुर्‍याएका थिए ।

**पहिचानवादी नेताहरू पक्राउ**

एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको संकल्प यात्राको टोली कोशी प्रदेशको उदयपुर पुग्नुअघि नै पूर्वमन्त्री गोपाल किरातीसहितका नेताहरू पक्राउ परे । किराती अझै रिहा भएका छैनन् ।

खोटाङ, भोजपुर, ओखलढुंगा, धनकुटा, तेह्रथुम र पाँचथर पुग्नुअघि नै थुप्रै पहिचानवादी नेताहरू घरघरदेखि पक्रिए । उनीहरूको पक्राउ अघिअघि हुँदा ओलीले पछिपछि कार्यक्रमलाई सम्बोधन गर्दै अघि बढे ।

आज ओली पाँचथरकै चिवाभञ्ज्याङ पुग्दै छन् । नेपाल–भारत (सिक्किम) सीमा क्षेत्र चिवाभञ्ज्याङमा ओलीले देशको राष्ट्रिय झण्डा गाड्ने कार्यक्रम छ । त्यसपछि ओलीले झुलाघाट–चिवाभञ्ज्याङ यात्राको औपचारिक समापन गर्ने एमाले सांसद वसन्तकुमार नेम्बाङले जानकारी दिए ।


# ११ हजारभन्दा बढी बालबालिका राज्यको संरक्षणमा

**काठमाडौं (प्रस)–** हाल मुलुकभरका बालगृहमा ११ हजार २०२ जना बालबालिका संरक्षित छन् । आव २०७९/८० मा ५० वटा बालगृह बन्द भएकामा ५१ बालगृह थप भई हाल ४१८ वटा बालगृह सञ्चालनमा छन् । मुलुकभर पाँच हजार १४४ बालक र छ हजार ५८ बालिका गरी जम्मा ११ हजार २०२ जना बालबालिका बालगृहमा संरक्षित छन् ।

राष्ट्रिय बालअधिकार परिषद्का अनुसार कोशी प्रदेशका आठ जिल्लामा २९ बालगृह सञ्चालनमा रहेका छन् । मधेस प्रदेशका पाँच जिल्लामा १३ बालगृह सञ्चालनमा रहेका छन् । बागमती प्रदेशका १० जिल्लामा २९६ बालगृह सञ्चालनमा छन् जहाँ तीन हजार ३९९ बालक र चार हजार ४१५ बालिकाले अभिभावक पाएका छन् ।

गण्डकी प्रदेशका छ जिल्लामा ३७ बालगृह सञ्चालनमा रहेका छन् । जसमा ५३५ बालक र ६२३ बालिका गरी जम्मा एक हजार १५८ बालबालिका संरक्षित रहेका छन् । लुम्बिनी प्रदेशका सात जिल्लामा १९ बालगृह सञ्चालनमा रहेका छन् । जसमा २९१ बालक र २५६ बालिका गरी जम्मा ५४७ बालबालिका संरक्षित रहेका छन् ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

पुस १ गते २०८०, आइतबार

| | |
|---|---|
| **मेष** | अरूले आलोचना पनि गर्न सक्छन् । |
| **वृष** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **मिथुन** | आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **कर्कट** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **सिंह** | स्वास्थ्यमा गडबडी, दैनिक कामकाजमा असर पर्नसक्छ । |
| **कन्या** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **तुला** | परोपकारमा रूचि बढ्नेछ । |
| **वृश्चिक** | कूटनीतिक नियोगको सहयोग मिल्ला । |
| **धनु** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| **मकर** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| **कुम्भ** | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| **मीन** | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

पुस १ गते, २०८०, १७ डिसेम्बर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.०४ | १३३.६४ |
| युरो | १ को | १४५.२८ | १४५.९३ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.५३ | १६९.२९ |
| स्विस फ्रैन्क | १ को | १५३.०१ | १५३.७० |
| अस्ट्रेलियन डलर | १ को | ८९.३५ | ८९.७५ |
| क्यानाडियन डलर | १ को | ९८.९१ | ९९.३५ |
| सिंगापुर डलर | १ को | १००.०७ | १००.५२ |
| जापानी येन | १० को | ९.४१ | ९.४५ |
| चिनियाँ युआन | १ को | १८.६५ | १८.७३ |
| साउदी अरब रियाल | १ को | ३५.४६ | ३५.६२ |
| कतारी रियाल | १ को | ३६.४८ | ३६.६५ |
| थाई भाट | १ को | ३.८० | ३.८२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२२ | ३६.३९ |
| मलेसियन रिङेट | १ को | २८.४७ | २८.६० |
| दक्षिण कोरियन वन | १०० को | १०.२८ | १०.३३ |
| स्विडिस क्रोनर | १ को | १२.९९ | १३.०५ |
| डेनिस क्रोनर | १ को | १९.४९ | १९.५७ |
| हङकङ डलर | १ को | १७.०४ | १७.१२ |
| कुवेती दिनार | १ को | ४३२.६४ | ४३४.५९ |
| बहराइन दिनार | १ को | ३५२.९० | ३५४.४९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# तयार भयो अन्नबाट बनाइएको सीताराम आकृति

**महेन्द्रनगर (धनुषा)–** विवाहपञ्चमीको अवसरमा जनकपुरधामस्थित रंगभूमि मैदानमा अन्नबाट ११ हजार स्क्यावर फिटभन्दा ठूलो सीतारामको आकृति तयार गरिएको छ । सीताराम आकृति तयार भएपछि आयोजक टोलीले यसको दर्शनका लागि निमन्त्रणा दिएको छ । जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले सीतारामको आकृतिमा प्रयोग गरिएको अन्नलाई सदुपयोग गरिने बताए ।

नगरप्रमुख साहले १०२ क्विन्टल अन्नको प्रयोग गरिएको चिन्ता व्यापकरूपमा उठिरहेको भन्दै यस अन्नको सदुपयोग गर्नका लागि लागिपरेको बताए । उनले भने, 'धार्मिकस्थलका रूपमा रहेको जनकपुरधाम सीतामाताको गृहनगर रहेकाले हामीले विभिन्न संघसंस्था तथा विभिन्न व्यक्तिहरूको सहयोग र समयोजन तथा समर्थन पाएपछि सीतारामको आकृति बनाउन अभिप्रेरित भएका हौं, अन्नलाई कसरी प्रयोग गर्ने भन्नेमा हामी लागिपरेका छौं ।' यस विषयमा नकारात्मक टीकाटिप्पणीभन्दा पनि अहिले सकारात्मक कामका लागि सबैसँग सहयोग माग्दै सफल पार्नका लागि उनले आग्रह गरे ।

जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले यो प्रतिमा विश्वसम्पदाको सूचीमा ल्याउनका लागि आफूहरूले पहलकदमी लिइरहेको बताए । उनले सीतारामको प्रतिमा करिब एक सातासम्म रहने भएकाले यसको सुरक्षा घेरामा नगर प्रहरीसँगै नेपाल प्रहरीले पनि सुरक्षा प्रबन्धको व्यवस्थामा सहयोग गर्ने बताए । उनले सीतारामको प्रतिमा बनाउनका लागि संयुक्त खाता खोलेर नगरवासी तथा सहयोगी दाताहरूबाट रकम संकलन गरी काम गरेको बताए । नगरप्रमुख साहले सीतारामको आकृति बनाउने शतिश गुज्जर र गुनगुन मिश्रालाई विशेष धन्यवाद पनि दिए ।



अध्यक्ष महासेठले सीतारामको आकृति तयार भइसकेकाले शनिबारदेखि नगरवासी, श्रद्धालु भक्तजनलगायत सबैमा दर्शनका लागि अपिलसँगै निमन्त्रणा दिए । महासेठले ८० प्रतिशत अन्नको बर्बादी हुन नदिने योजना रहेको बताए । उनले खेर जानबाट बचेको अन्नलाई जोगाएर विभिन्न आश्रममा सहयोगसँगै वितरण गर्ने योजना रहेको जानकारी दिए । उनले सीतारामको आकृति बनाउने योजना डेढ महिनाअघिको रहेको र यसलाई पूर्णता दिन संघले पहलकदमी लिएको बताए ।

महासेठले सीतारामको आकृति बनाउनका लागि स्थानीय व्यापारी तथा व्यवसायीसमेतको सहयोग रहेको बताए । निर्देशक तथा कलाकार गुज्जरले ११ हजार ११ स्क्वायर फिटमा सीतारामको आकृति बनाउनका लागि पाँच दिन लागेको बताए ।

यसअघि भारतको उत्तर प्रदेशस्थित अयोध्यामा सीतारामको आकृति १० हजार ८०० स्क्वायर फिट बनाएर विश्वकीर्तिमान बनाइएको थियो । जनकपुरधाममा निर्माण गरिएको यस आकृतिले भारतको कीर्तिमानलाई तोड्दै नयाँ रेकर्ड कायम गरेको गुज्जरले बताए । *रासस*

# रामजानकी विवाहको मंगल धुनले गुञ्जँदो मिथिला



**महोत्तरी–** मिथिला धार्मिक, सांस्कृतिक चाडपर्व धेरै मनाइने ठाउँमा पर्छ । मिथिलाको नाता सीताको नामसँग जोडिएकाले पनि प्रत्येक पर्व यहाँ विशेषरूपमा मनाइन्छ । सोही क्रममा यतिबेला मिथिला रामजानकी विवाह महोत्सवमा झुमेको छ । सांस्कृतिक तथा पारम्परिक पर्वले सिंगो मिथिला मंगलधुनबीच गाइने विवाह विधिका गीतले गुञ्जायमान बनेको छ ।

मिथिला क्षेत्रमा जता पुग्यो श्रीराम र जानकीको महिमा गाइएका गीत गुञ्जिएका छन् । मंगलधुन बजिरहेका छन् । लाग्छ, घरघरमै छोरी विवाहको तयारी हुँदै छ । त्रेतायुगमा अवध (अयोध्या) का राजकुमार श्रीराम गुरु विश्वामित्र र भाइ लक्ष्मणका साथ जनकपुर आएर विदेह (मिथिला) राज शिरध्वज जनकको पुत्री सीता (मिथिला, वैदेही, जानकी) सँग विवाह भएको सम्झना अहिले जनकपुर (मिथिला) क्षेत्रले गराइरहेको छ ।

महोत्तरीसहितका मिथिला क्षेत्रका मठमन्दिर रङरोगन गरी सजाइएका छन् । केही दिनअघि नै सुरु हुने विवाहका पारम्परिक मैथिल विधि एकपछि अर्को आयोजना हुँदै छन् । साताव्यापी यो विवाह महोत्सवको केन्द्रमा जनकपुरधाम छ । सप्ताहव्यापी महोत्सवको पाँचौं दिन शनिबार 'मटकोर' विधि सम्पन्न गरिएको छ । यस विधिअन्तर्गत शनिबार जानकी मन्दिर परिसरमा विवाह सम्पन्न गरिने वेदी तयार गरिएको छ । विवाहको पूर्वांग विधि (इष्टदेवता पूजन, पितृस्मरण, ग्रहशान्तिलगायतका विधि) मटकोरकै दिन सम्पन्न गरिने मैथिल परम्परा छ ।

मिथिलामा बर्सेनि साताव्यापी रामजानकी विवाह महोत्सव विभिन्न विधि पूरा गरी मनाइने गरिएको छ । यस क्रममा अघि त्रेतायुगमा श्रीराम जनकपुर आएर सीतासँग विवाह भई जन्ती बिदाइ गरिएको दिनसम्मका एक सातामा सम्पन्न भएका विधि महोत्सवमा आयोजना हुँदै आएका छन् । सोही तालिकाअनुसार शनिबार पाँचौं दिन 'मटकोर' विधि आयोजना गरिएको हो ।

यस महोत्सवमा श्रीराम जनकपुर आइपुगेर राजा जनकको दर्शन गरेको दिनलाई 'जनकपुर नगर दर्शन,' भोलिपल्ट डुल्दै वाटिका पुग्दा अचानक वैदेही र श्रीराम देखादेख भएको दिनलाई 'फूलबारी लीला' का रूपमा मनाइएको छ । त्यसको भोलिपल्ट अर्थात् तेस्रो दिन सीता वरणका लागि राजा जनकले राखेका शिवधनुष ताँदो चढाउने सर्तका लागि इच्छित वर सहभागी भएका दिनलाई 'धनुष यज्ञ' भनिने गरिएको छ । यी विधि क्रमश: गत मंगलबार, बुधबार र बिहीबार सम्पन्न भइसकेका छन् ।

त्यसैगरी चौथो दिनको 'तिलकोत्सव' पनि शुक्रबार नै सम्पन्न भएको छ । प्राचीन मिथिलाको राजधानी जनकपुरमा त्रेतायुगमा श्रीरामले शिवधनुष ताँदो चढाउने क्रममा भाँचिएको पौराणिक मान्यताको प्रतिकात्मक मञ्चन गरिन्छ । धनुषभंग भएसँगै श्रीरामसँग सीताको विवाहको टुंगो लागेको कथा सम्झँदै शनिबार पाँचौं दिन विवाहको पूर्वांग विधि 'मटकोर' आयोजना गरिएको जनकपुरस्थित श्री जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णव बताउँछन् ।

महोत्सवको चौथो दिन कन्यापक्षका अभिभावकबाट वरवरणको परम्परा छ । यसलाई 'तिलकोत्सव' भनिन्छ । महोत्सवमा यो विधि श्री जानकी मन्दिरका महन्थले राजा जनकको भूमिकामा सम्पन्न गर्ने परम्परा छ । यसअनुसार जानकी मन्दिरका महन्थ वस्त्रआभूषण र मिष्ठान्न परिकारका डाला (सोली) लिएर नजिकैको श्री राम मन्दिर जाने चलन छ । महोत्सवमा श्रीरामका पिता दशरथको भूमिका श्री राम मन्दिरका महन्थले निभाउने परम्परा छ । यो विधि शुक्रबार सम्पन्न गरिएको छ ।

यसैगरी महोत्सवको छैटौं दिन सीताराम स्वयम्वर र राति वैवाहिक कार्यक्रम सम्पन्न गरिन्छ । यसलाई 'सीता स्वयम्वर तथा विवाह' भन्ने गरिएको छ । यो मुख्य समारोह आज आइतबार मंसिर शुक्ल पञ्चमीका दिन सम्पन्न गरिने छ । अघि त्रेता युगमा यसैदिन राम- सीताको विवाह भएको विश्वास गरिन्छ । महोत्सवको अन्तिम दिन विवाह सम्पन्न गरिएको भोलिपल्ट जन्तीलाई भोजन गराइ दक्षिणा दिएर बिदा गरिन्छ । यो विधिलाई 'रामकलेवा' भनिन्छ । यसरी आज आइतबार विवाह र भोलि सोमबार 'रामकलेवा' गरिएसँगै यसपालिको श्रीराम जानकी विवाह महोत्सव सम्पन्न हुने श्री जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णव बताउँछन् ।

जनकपुरमा धनुषयज्ञ र विवाहविधि जानकी मन्दिर परिसरमै सम्पन्न भए पनि स्वयम्वर भने विशाल मैदान रंगभूमिमा आयोजना गरिने परम्परा छ । अहिले क्रमश: महोत्सवका दैनिक कार्यक्रम सम्पन्न हुँदै छन् । विवाहका लागि आवश्यक सरसामानको चाँजो मिलाउने र सोको तयारीमा दिनरात साधुसन्त लागिरहेका महन्थ वैष्णवले जानकारी दिए । मिथिलामा छोरी विवाहको वैदिक मैथिल परम्पराअनुसार सम्पन्न हुने रामजानकी विवाह महोत्सव यहाँ (मिथिला) को मुख्य सांस्कृतिक तथा धार्मिक चाड रहँदै आएको श्री राम मन्दिरका महन्थ श्रीराम गिरी बताउँछन् ।

सप्ताहव्यापीरूपमा सम्पन्न हुने यस महोत्सवका प्रत्येक विधिमा मिथिलानी (मिथिलाका नारी)ले गीत गाउँछन् । श्रीराम जनकपुर पुग्दा उनको स्वागतमा र भोलिपल्ट वाटिका (फूलबारी)मा सीता र रामको आमनेसामने भेट भएको प्रसंग जोडिएका गीतका भावले जोसुकैलाई श्रीसीतारामप्रति श्रद्धा जगाउँछन् । महोत्सवका विधिमा मैथिल परम्पराका सम्धी जिस्क्याउने, सम्धी मिलन गराउने विधिका हासपरिहासले रमाइलो थप्ने गरेको वर्षौंदेखि विवाह महोत्सवमा सरिक हुँदै आएका महोत्तरीको भंगाहा-९ कञ्चनवनका ८५ वर्षीय जितन यादव बताउँछन् । *रासस*

पृष्ठ १ बाट क्रमश:

## जिडिपी...

योजनाको परिमार्जित मस्यौदामाथि विषय विज्ञबाट अध्ययन पुरवलोकन र परिमार्जन हुन्छ । त्यसपछि राष्ट्रिय विकास परिषद्को बैठक आयोजना र सुझावसहित अनुमोदन गर्ने छ ।' सोह्रौं योजनालाई माघको मसान्तसम्ममा मन्त्रिपरिषद्बाट स्वीकृत गरिसक्ने तयारी रहेको पनि उनले जानकारी दिए ।

केही महत्त्वाकांक्षी र केही यथार्थपरक लक्ष्य राखेर आगामी आवधिक योजना बन्दै छ । क्षेत्रगत सूचक तयार पारेर लक्ष्य तोकिनु र त्यसको प्राप्तिका लागि रूपान्तरणकारी रणनीति तथा प्रमुख हस्तक्षेपकारी कार्यक्रम राखिनु अहिलेको आवधिक योजनाका पृथक र सबल पक्ष भएको आयोगको भनाइ छ । बन्दै गरेको आवधिक योजनाको मस्यौदामा आगामी पाँच वर्षभित्र मुलुकको कूल गार्हस्थ उत्पादन (जिडिपी)को आकार करिब ३० खर्ब रूपैयाँले वृद्धि गर्नेगरी लक्ष्य निर्धारण गर्न लागिएको छ ।

अहिले आधारभूत मूल्यमा जिडिपीको आकार ५३ खर्ब ८१ अर्ब रूपैयाँबराबर छ । १६औं योजनाको अन्त्यसम्ममा ८० खर्बदेखि ८६ खर्ब रूपैयाँको हाराहारी पुर्‍याउने लक्ष्य राखिएको छ । गत आर्थिक वर्षमा १.८६ प्रतिशत रहेको आर्थिक वृद्धिदरलाई नयाँ आवधिक योजनाको अन्त्यसम्ममा औसत सातदेखि साढे आठ प्रतिशतसम्म कायम गर्ने लक्ष्य मस्यौदामा राखिएको छ ।

त्यस्तै, १३औं आवधिक योजना अवधिमा औसत उपभोक्ता मुद्रास्फीति साढे सात प्रतिशत रहेकोमा नयाँ आवधिक योजना लागू भएपछिको पाँच वर्षसम्म साढे पाँचदेखि साढे छ प्रतिशतको वाञ्छित सीमाभित्र राख्ने गरी लक्ष्य तय गर्न लागिएको छ ।

हाल १७.८ प्रतिशत रहेको राजस्व र जिडिपीको अनुपात २४ प्रतिशतभन्दा माथि पुर्‍याउने लक्ष्य तय गर्न लागिएको छ । जिडिपी अनुपातमा संघीय खर्च हाल साढे २६ प्रतिशत बराबर रहेकोमा त्यसलाई ३२ प्रतिशत पुर्‍याउने गरी लक्ष्य तय गर्न लागिएको छ । त्यस्तै, सार्वजनिक ऋण जिडिपीको ४५ प्रतिशतभन्दा माथि जान नदिनेगरी तय गर्न लागिएको छ । हाल २७ प्रतिशत रहेको जिडिपीमा व्यापार घाटाको अनुपात २४ प्रतिशतभन्दा घटाउने लक्ष्य राखिएको छ ।

कूल निर्यात जिडिपी अनुपातमा सात प्रतिशतभन्दा माथि पुर्‍याउने लक्ष्य छ । जुन अनुपात हाल साढे तीन प्रतिशत छ । अहिले जिडिपी अनुपातमा कूल आयात ३४.५ प्रतिशत रहेकोमा त्यसलाई ३१ प्रतिशतभन्दा तल पुर्‍याउनेगरी लक्ष्य निर्धारण गर्न लागिएको छ । विप्रेषण आय र कूल गार्हस्थ उत्पादन अनुपात २२ देखि २४ प्रतिशत हाराहारी राख्ने गरी लक्ष्य निर्धारण गर्न लागिएको छ ।

आन्तरिक उत्पादन र उत्पादकत्व बढाउनका लागि पनि केही महत्त्वाकांक्षी लक्ष्य राखिएका छन् । आन्तरिक उत्पादन बढाउनका लागि १७ वटा औद्योगिक क्षेत्र सञ्चालनमा ल्याउने, १४० वटा औद्योगिक ग्राम घोषणा गर्ने, विशेष आर्थिक क्षेत्र (सेज)को संख्या दुईबाट तीन पुर्‍याउने लक्ष्य मस्यौदामा राखिएको छ । त्यस्तै, हाल दुई हजार ८०० हाराहारी रहेको विद्युत् उत्पादन जडित क्षमता ११ हजार ८०० हाराहारी पुर्‍याउने, प्रतिव्यक्ति विद्युत् खपत ३८० किलोवाट घण्टाबाट बढाएर ७०० किलोवाट घण्टा पुर्‍याउनेलगायतका लक्ष्य आवधिक योजनाको मस्यौदामा छ ।

नयाँ आवधिक योजनाको अन्त्यसम्ममा वार्षिक ४१ अर्ब रूपैयाँबराबरको बिजुली निर्यात गर्ने र समग्र व्यापार घाटा कम गर्न ऊर्जा क्षेत्रको योगदान करिब चार प्रतिशत पुर्‍याउने गरी लक्ष्य तय गर्न लागिएको छ । हाल १५ लाख ५५ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेकोमा त्यसलाई १७ लाख २२ हजार हेक्टर पुर्‍याउने लक्ष्य निर्धारण गर्न लागिएको छ । आधारभूतस्तरको खानेपानी सेवाबाट लाभान्वित जनसंख्या हाल ९६ प्रतिशत रहेकोमा त्यसलाई ९९ प्रतिशत पुर्‍याउने लक्ष्य नयाँ आवधिक योजनाको मस्यौदामा राखिएको छ ।

त्यस्तै, वार्षिक १२ लाख हाराहारीमा रोजगारी सिर्जना गर्ने, श्रमिकको न्यूनतम पारिश्रमिक २५ हजार पुर्‍याउने, सामाजिक सुरक्षा कोषमा आबद्ध हुने लाभग्राहीको संख्या २० लाख पुर्‍याउने र श्रम सम्झौता भएका गन्तव्य मुलुकको संख्या १५ वटा पुर्‍याउने लक्ष्य नयाँ आवधिक योजनाको मस्यौदामा राखिएको छ ।

मातृ मृत्युदर प्रतिलाख जीवित जन्ममा १५१ जना रहेकोमा त्यसलाई ८५ मा कायम गर्ने लक्ष्य राख्न लागिएको छ । वार्षिक बजेटमा स्वास्थ्य क्षेत्रको बजेट १० प्रतिशत हाराहारी पुर्‍याउने गरी लक्ष्य निर्धारण गर्न लागिएको छ । पाँच वर्ष र सोभन्दा माथिको साक्षरतादर शतप्रतिशत पुर्‍याउने, शिक्षण सिकाइमा इन्टरनेटको पहुँच भएका शैक्षिक संस्था शतप्रतिशत पुर्‍याउने, विद्युत् पहुँच शतप्रतिशत राख्ने लक्ष्यसहित मस्यौदा बनेको छ ।

आवधिक योजना मस्यौदाकै रूपमा रहेकाले लक्ष्यका रूपमा निर्धारण गरिएका यी सूचकहरू संशोधन हुन सक्छन् । विभिन्न क्षेत्रबाट आएका सुझाव एकीकृत हुने क्रममा रहेको योजना आयोगका प्रवक्ता यमलाल भुसाल बताउँछन् । 'आवधिक योजनाको अवधारणापत्रमा उल्लेख भएअनुसारका विभिन्न १४ क्षेत्र छुटचाएर आवधिक योजनाको मस्यौदा बनेको छ । सबैकुरा टुंगिसकेको छैन । त्यसलाई परिमार्जन गर्दै, टुंग्याउँदै लगिरहेका छौं,' उनले भने, 'क्षेत्रगत विषयमाथि सम्बन्धित क्षेत्रका जानकार र विज्ञसँग थप गहिराइमा छलफल हुने छ ।'

गत साउन तेस्रो हप्ता बसेको राष्ट्रिय योजना आयोगको पूर्ण बैठकले १६औं पञ्चवर्षीय आवधिक योजना (२०८१/८२-०८५/८६) को अवधारणापत्र स्वीकृत गरेको थियो । 'सुशासन, सामाजिक न्याय र समृद्धि'को सोचसहित १६औं योजनाको अवधारणा तयार पारिएको छ । राजनीतिक, प्रशासनिक र न्यायिक क्षेत्रमा सुशासन कायम गर्ने उद्देश्य १६औं योजनाको मस्यौदामा राखिएको छ । त्यस्तै, स्वास्थ्य, शिक्षा, रोजगारी र आवासलगायतका क्षेत्रमा सामाजिक न्याय स्थापित गर्नु, सामाजिक जीवन, आर्थिक विकास र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्नु पनि १६औं योजनाको उद्देश्यमा छ ।

नयाँ आवधिक योजनाले 'विकासका काममा देखिएका संरचनात्मक अवरोधको पहिचान, संबोधन र निराकरण गर्दै संरचनात्मक रूपान्तरणमार्फत् सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्ने' रणनीति तय गरेको छ । 'योजना कार्यान्वयन सम्बन्धमा सबै तह र पक्षका सरोकारवाला निकायबीचको अन्तरसम्बन्ध र कार्यात्मक क्षमतालाई मजबुत तुल्याउने, अध्ययन अनुसन्धान तथा तथ्यमा आधारित रहेर नीति निर्माण एवं विकासका प्रयास गर्ने रणनीति लिइने छ,' स्वीकृत अवधारणापत्रमा भनिएको छ । त्यस्तै, नयाँ आवधिक योजनाको अवधारणापत्रमा संरचनात्मक रूपमान्तरणका क्षेत्र तथा रणनीति तय गरिएका छन् ।

'समग्र आर्थिक आधारको सबलीकरणका लागि प्राथमिक क्षेत्रको सबलीकरण, द्वितीय क्षेत्रको विकास तथा बिस्तार र सेवा क्षेत्रको स्थायित्व कायम गरिने छ,' अवधारणापत्रमा भनिएको छ, 'राजस्वको आधार र दायरा विस्तार गरी अनुमानयोग्य वित्त प्रणालीको विकास गर्ने, वित्तीय स्रोतलाई उत्पादन र रोजगारी सिर्जनामा केन्द्रित गरी समावेशी परिचालन र बाहच क्षेत्रको स्थायित्व कायम गरिने छ ।' *रासस*


**बिमालेख हरायो**

मिति २०८०/०७/०९ गते, चावहिलदेखि रत्नपार्कसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : सुरज राज गिरी**
**बिमालेख नं : ११००१६३२८**
**(Life Insurance Corporation (Nepal) Ltd)**
**ठेगाना : काठमाडौं**
**सम्पर्क नं : ९८५१०२६७६९**

**मेसिन हराएको सूचना !**

मिति २०८०/०८/१९ गते दाङ जिल्ला बबई गा.पा.वडा नं.५ जौबारी बुगेखोलमा गीता सुनारको घरनजिक पार्किङ गरिराखेको अवस्थामा **अनुभवी कन्स्ट्रक्सन एण्ड विजनेश ट्रेडलिंक प्रा.लि.**को नाममा दर्ता भएको **3DXSU.BACKHO LOADER बा ३ क १७९४ इन्जिन नं.H00166412 च्यासिस नं.HAR3DXSVC0258435 को पहेंलो कलरको भ्याकुलोडर मेसिन** हराएको हुँदा देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालयमा सम्पर्क गरी दिनु हुन अनुरोध गर्दछौं ।

**हर्क बहादुर श्रेष्ठ**
सुनकोसी गाउँपालिका वडा नं.१०, ओखलढुंगा
सम्पर्क नं.९८५१०८१५१३

**सेन्चुरी इनर्जी लिमिटेड**
**का.म.न.पा.–९ काठमाडौँ**

**आ.व.२०७९/०८० को वार्षिक साधारण सभा सम्बन्धी सूचना !**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०८/१९ गते**

मिति २०८०/०८/१५ गते बसेको सञ्चालक समितिको वैठकको निर्णयानुसार यस **सेन्चुरी इनर्जी लिमिटेड**को आ.व.२०७९/०८० को **वार्षिक सधारण सभा** निम्न मिति, स्थान र समयमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न वार्षिक साधारण सभा गर्ने भएको हुँदा सम्पूर्ण सेयरधनी महानुभावहरूको अनिवार्य उपस्थितिको लागि यो जानकारी अनुरोध गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय :**
मिति २०८०/०९/२१ गते, शनिबार
समय : विहानको ९:०० बजे
स्थान : का.म.न.पा.९, काठमाडौँ

**छलफलका बिषयहरू:**

**(क) सामान्य प्रस्ताव :**
१. सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व.२०७९/०८० को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखा परीक्षकको प्रतिवेदनसहित २०८० आषाढ मसान्तको वासलात नाफा/नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायत अन्य अनुसूचिहरू उपर छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समिति चयन गर्ने सम्बन्धमा ।
४. आ.व.२०८०/०८१ को लागि लेखा परिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्ताव**
१. सञ्चालक समितिबाट सिफारिश भएअनुसार आर्थिक वर्ष २०७९/८० मा कम्पनीले कमाएको मुनाफाबाट चुक्ता पूँजीको (१० प्रतिशत) मौजुदा सेयरधनीहरूलाई गरिने बोनश सेयर वितरण स्वीकृत गर्ने सम्बन्धमा ।
२. चुक्ता पूँजी बृद्धि गर्न बोनस सेयर बाँडफाँड पश्चात कम्पनीमा भएको जारी पूँजीमध्येबाट चुक्त पूजी बाह्र करोड हुनेगरी सेयर जारी गर्ने सम्बन्धमा ।

**(ग) विविध**
१. नियमन निकायहरूको निर्देशन अनुसार कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्नुपर्ने अवस्था आइपरेमा प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने सम्बन्धमा ।

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०९/०१ गते)

धन लाल मानन्धरको नाति, न्हुछे नारायण मानन्धर/दश माया मानन्धरको छोरा, लक्ष्मी कुमारी मानन्धरको पति काठमाण्डौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं ०७ बस्ने सुर्य नारायण मानन्धरको मिति २०७८/०२/१० मा मृत्यु भएकोले निजको नाममा यस बैंकको थानकोट शाखामा रहेको बचत खाता नं. २०६०१७४९७३३००००२ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमतीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय थानकोटमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय थानकोट फोन नं. ०१-४३११९२७**

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०९/०१ गते)

कृष्ण बहादुर तामाङको नाति, तेज बहादुर तामाङ/बाटुली तामाङको छोरा माईली तामाङको पति धादिङ जिल्ला, धुनिवेशी न.पा. वडा नं ०३ बस्ने बुद्धि बहादुर तामाङको मिति २०७९/०९/२४ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको थानकोट शाखामा रहेको बचत खाता नं. २०६०१९५५०६६००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमतीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय थानकोटमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय थानकोट फोन नं. ०१-४३११९२७**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## कृषकमैत्री नीति खै ?

कृषिप्रधान देश नेपालमा कृषकमैत्री नीति नहुँदा कृषक वर्ग सधैँ समस्यामा पर्दै आएका छन्। सरकारले कृषिलाई प्राथमिकतामा राख्ने बताउँदै आए पनि अनुकूल नीति बनाएर कार्यान्वयनमा ल्याउन सकेको छैन । ल्याइएका नीतिहरू पनि प्रभावकारीरूपमा कार्यान्वयन गरेको छैन । मुलुकमा कृषिको प्रशस्त सम्भावना भए पनि सरकारी नीति कमजोर हुँदा हरेक कृषि उत्पादन आयात गर्नुपरिरहेको छ ।

त्यसो त पछिल्लो समय कृषियोग्य भूमि घट्दै गएको छ । सरकारले भूमिको वर्गीकरण र भू–उपयोग नीति बनाउन ढिलाइ गर्दा कृषियोग्य जमिन प्लटिङ गरेर मासिएको छ। जथाभावी जग्गा प्लटिङको असर मुलुकले दीर्घकालसम्म भोग्नुपर्ने निश्चित छ । अर्कोतर्फ युवा पुस्तालाई कृषितर्फ आकर्षित गर्न सकेको छैन । कृषिमा आत्मनिर्भर हुने वातावरण नबन्दा युवाहरू विदेश पलायन भइरहेका छन्। जसकारण भएका कृषियोग्य जमिन पनि बाँझो छाड्ने क्रम बढ्दो छ ।

मल नपाएर समयमा खेती लगाउन पाउँदैन । कहिले सिँचाइको अभावले खेती रोकिन्छ। यो हरेक वर्ष कृषकले बेहोर्नुपर्ने दुःख हो। जुनसुकै सरकार आए पनि कृषकको यो दुःख हटाउन सक्दैन । चुनावमा कृषकमैत्री नारा लिएर गाउँगाउँमा पुग्ने दलहरू सरकारमा पुगेपछि सबै बिर्सन्छन् । कृषकसँग गरिएका कुनै पनि वाचा पूरा गर्न इमान्दार बन्दैनन् । अहिलेसम्म त्यस्तो देखिएको छैन । नभए पटक–पटक राख्दै आएका कृषकका माग पूरा गर्न सरकार तत्पर हुन्थे।

पछिल्लोपटक सरकारले उखुको मूल्य निर्धारण गरेको छ, जसमा उखु किसान सन्तुष्ट छैनन्। सरकारले गत वर्षकोभन्दा प्रतिक्विन्टल २५ रूपैयाँ बढाएको छ, उखुको मूल्य । जसअनुसार सरकारले यो वर्षका लागि निर्धारण गरेको मूल्य प्रतिक्विन्टल ५६५ रूपैयाँ हुन्छ। उखु किसानले भने ७५० रूपैयाँ कायम गर्नुपर्ने माग गरेका छन् । उखु किसान कहिले मूल्य नपाएर त कहिले चिनी उद्योगीले पैसा नदिएर पीडित बन्दै आएका छन्। विगतमा उखुको पैसा भुक्तानी लिन किसानले निकै संघर्ष गर्नुपरेको थियो। उखु किसानको मागलाई सरकारले सम्बोधन गर्नुपर्छ।

उखुमा मात्रै होइन, तरकारी र अन्य खेतीमा पनि कृषक पीडित बन्नु परिरहेकोप्रति सरकारको ध्यान अझै नपुगेको देखिन्छ। दुःख गर्ने कृषकलेभन्दा विचौलियाले बढी लाभ लिने प्रवृत्ति अन्त्य गर्न सरकारले प्रभावकारी कदम चाल्न नसकेकै हो । अहिलेको सरकारले पनि त्यसतर्फ खासै पहल गरेको छैन । बेलाबेला किसानले सडकमा गोलभेडा फालेका, दूध पोखाएका घट्ना फेरि दोहोरिन नदिन सरकार जिम्मेवार बन्नुपर्छ। अन्यथा कृषिमा नयाँ पुस्ताको आकर्षण बढ्नेभन्दा पनि अहिले भएका कृषिकसमेत विस्तारै पलायन हुँदै जाने निश्चित छ। यसतर्फ सरकारको ध्यान पुगोस्।

# विवाद समाधानका लागि संवाद प्रक्रिया



▶▶ शुक्रऋषि चौलागाई

संवाद प्रक्रियाबाट सवाललाई सम्बोधन गर्नेमात्र नभई यसले संवादको संस्कृति निर्माणलाई जोड दिएको छ । अलग-अलग धर्म, समुदायका नागरिकहरूबीचमा पनि संवाद गरेर प्रेम, भ्रातृत्व, सहिष्णुता र एकता अभिवृद्धि गर्न/गराउन सकिन्छ । संवाद शिक्षाले हरेक व्यक्तिलाई सामाजिकमात्र हैन, शान्त र संयम पनि बनाउने गर्दछ । स-साना विवादमा पनि प्रहरी, अदालतसम्म पुग्नुपर्ने बाध्यता संवादबाटै हटाइनुपर्नेछ ।

संवाद सामान्यतया वार्तालाप नै हो । एक वा दुईबीच हुने कुराकानीको प्रक्रिया नै संवाद हो । विवादित या सरोकारवाला पक्षलाई समानरूपमा बोल्ने दिइने अवसर पनि संवाद हो । संवाद साझा अर्थ र बुझाइलाई खोतल्ने उद्देश्यका साथ गरिने बातचित हो। समस्या समाधानका लागि गरिने अन्तरक्रिया पनि संवाद हो, जहाँ सम्बन्ध क्रमशः सुधारिँदै जान्छ र एकअर्काप्रतिको विश्वास बढ्दै जान्छ । वास्तवमा संवाद एक भावनात्मक प्रक्रिया हो, जसलाई शब्दमा अर्थ्याउन कठिन हुन्छ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका अनुसार फरक पृष्ठभूमि, इच्छा, आकांक्षा, आवश्यकता, सिद्धान्त, दृष्टिकोण आदि भएका कारण साह्रै समस्याग्रस्त तर अन्तरनिर्भर दुई वा दुईभन्दा बढी पक्षबीच एकअर्काको दृष्टिकोण खुलस्त र इमान्दारीपूर्वक सुन्ने-सुनाउने र बुझ्ने-बुझाउने र सम्भव भएसम्म सहकार्यका साझा बिन्दुको खोजी गर्ने तर सम्भावित फरकल्पना स्वीकार्ने र आदर गर्ने मानसिकताका साथ गरिने निरन्तर अन्तरक्रियात्मक प्रक्रियालाई संवाद भन्न सकिन्छ। संवादमा संलग्न पक्षहरूले एकअर्काको अस्तित्वलाई स्वीकार गरी एकअर्काको विचार र भावनाको सम्मान गर्दै समान हैसियतमा गरिने कुराकानी हो भनेर बुझ्न सकिन्छ।

### विवाद र द्वन्द्व

दुई वा दुईभन्दा बढी व्यक्ति वा समूहबीच स्वाभाविकरूपमा रहने मतभिन्नता नै सामान्यतया विवाद हो। आफ्नो कुराको औचित्य प्रस्टचाउनुभन्दा पनि अर्काको कुरालाई गलत साबित गर्ने प्रयास गर्नु विवाद हो। फरक मत नस्वीकार्दा उत्पन्न हुने स्थितिलाई पनि विवाद मान्न सकिन्छ। विवादसँग सम्बन्धित व्यक्ति र पक्षले आ-आफ्ना इच्छा, आवश्यकता, मूल्य र मान्यताहरू एकापसमा मेल खाँदैनन् भन्ने विश्वास गर्दछन्।

विवादलाई स्वाभाविकरूपमा लिइने गरिए पनि यो बढ्दै गएपछि थप जटिलता र विनाश पनि निम्त्याउन सक्छ । विवादका विभिन्न कारणहरू हुन्छन् । विवादका सकारात्मक र नकारात्मक पक्षहरू पनि हुन्छन्।

यस्तै, द्वन्द्व पनि नेपालमा अत्यधिक सुनिएको शब्द हो । सामान्य भाषामा आपसी मनमुटाव, विमति र विवादलाई पनि द्वन्द्व मानिएको पाइएको छ। विवादको उग्ररूप नै द्वन्द्व हो। दुई वा दुईभन्दा बढी पक्षबीचको असमझदारी, चर्को असहमतिबाट उत्पन्न झैझगडा, असहज परिस्थिति र हिंसालाई द्वन्द्व भनिन्छ।

### विवादको चरण र कारण

विवाद अकस्मात देखिने हैन । विवादका थुप्रै चरणहरू हुन्छन्। ती चरणहरू बढ्दै जाँदा विवाद र त्यसको स्वरूप पनि बढ्दै जाने हुन्छ। सर्वप्रथम कुनै पनि घटना वा विषयमा समस्याहरू देखा पर्छन् । दुई वा बहुव्यक्ति र पक्षबीच आरोप-प्रत्यारोप सुरु हुन्छ। ध्रुवीकरण बढ्दै गएर क्रिया-प्रतिक्रिया चल्छ। त्यसपश्चात् एकले अर्कोलाई थप क्षति पुऱ्याउने प्रयास गर्छन् । अन्त्यमा संगठितरूपमा ध्रुवीकरणको प्रयास हुन्छ । विवादका कारणहरू पनि अनेक हुन सक्छन्। घटना र विषयलाई बुझ्ने सवालमा साझा धारणा नबन्नु नै विवादको कारण हो । विवाद एक कारणले मात्र नहुन सक्छ। मानिसका फरक फरक आवश्यकता र चाहना पूरा नभएकै कारणले विवाद बढिरहेको हुन्छ।

विवादको प्रमुख कारणमा स्रोत/साधन र सम्पत्तिमााथिको प्रयोग नै हो । यस्तै, सही र वास्तविक सूचना/सन्देश एक अर्काबीच नपुग्नु र नपुऱ्याइनु पनि विवादको अर्को कारण हो । यस्तै, आपसी सम्बन्धको अवस्था, व्यक्तिगत चाहना तथा आवश्यकताहरू, सामाजिक, संस्थागत संरचना वा ढाँचा र मूल्य मान्यताहरूले पनि विवाद बढाउन भूमिका खेलिरहेको हुन्छ। विवादमा संलग्न पक्षहरूका आधारमा पनि विवादको स्वरूप र कारणहरू फरक हुन सक्छन्।

### विवाद (द्वन्द्व)को विश्लेषण

विवाद आफैंमा नकारात्मक होइन । विवादलाई समयमै सही व्यवस्थापन गर्न सकियो भने यसले सकारात्मक परिणाम पनि ल्याउँछ। विवादको समग्र स्वरूप र कारण पत्ता लगाउने तरिका र प्रक्रियालाई विश्लेषण भन्न सकिन्छ। विवादको कारण, विवादमा संलग्न व्यक्ति, समूह, सरोकारवाला र विवादबाट प्रभावित व्यक्तिहरूको पहिचान गर्न, विवादसँग सम्बन्ध राख्ने पक्ष र विभिन्न व्यक्तिहरूको विवादप्रतिको धारणा, बुझाइ बुझ्न र विवादको गतिशीलता थाहा पाउनका लागि गरिने अध्ययनलाई विवादको विश्लेषण भनिन्छ। विवादित पक्षको हित र अडानलाई पनि विश्लेषण गरिनुपर्छ। विश्लेषणबाट विवादको सूक्ष्म कारण पत्ता लगाउन सकिन्छ।

विवादको विकसित रूप नै द्वन्द्व हो। द्वन्द्व विभिन्न कारणले हुने भएकाले यो बहुआयामिक र जटिल प्रकृतिको हुन्छ । विवादको सम्बन्धमा यथार्थता बुझ्न, विवाद सिर्जनाको वास्तविक कारण पत्ता लगाउन, विवादका मुख्य पात्र को हुन् ? तिनको पहिचान गर्न, विवाद बढाउन र घटाउन को-को सक्रिय छन् भन्ने पहिचान गर्न, पात्रहरूबीचको सम्बन्ध कस्तो छ, बुझ्न। विवाद समाधानको मुख्य साँचो कहाँ छ ? पत्ता लगाउन र विवाद समाधान गर्न विभिन्न रणनीति र कार्ययोजना निर्माण गर्न पनि विश्लेषण अनिवार्य मानिन्छ । विवाद विश्लेषणले सम्भावित सम्पूर्ण आकलन र त्यसको समाधानका लागि अपनाउन सकिने उपाय र प्रक्रियाबारे पनि मद्दत पुऱ्याउँछ।

### संवाद प्रक्रिया

विवादका विभिन्न तत्त्वहरू व्यक्ति, प्रक्रिया र समस्याहरूलाई मसिनो गरी चिरफार गर्ने विधि नै संवाद प्रक्रिया हो। संवाद प्रक्रियाका लागि सर्वप्रथम छनोट गर्न लागिएको घटना र विषय कत्तिको उपयुक्त छ ? निर्क्योल गर्न जरुरी छ। संवाद प्रक्रिया अघि बढाउनुपूर्व आमसरोकारको विषय हो कि हैन ? आंकलन गर्न जरुरी छ । घटना, विषयको अध्ययन गर्ने, सरोकार पक्षको पहिचान गरी आवश्यकताअनुसार गोप्य (सेफरेट), सामूहिक र संयुक्त बैठक/भेला (संवाद)का माध्यमबाट निकास खोज्ने प्रक्रियालाई नै संवाद प्रक्रिया मान्न सकिन्छ।

संवाद प्रक्रियाका लागि केही चरणहरू अपनाइनुपर्ने हुन्छ । जटिल परिस्थितिमा संवादलाई प्रभावकारी बनाउन वा विकल्पको खोजीमा सहयोग गर्न सहजकर्ताको आवश्यकता पर्नसक्छ। घटना र विषयवस्तु संवाद प्रक्रियाका लागि उपयुक्त छ कि छैन भन्ने कुरा संवादकर्ता या सहजकर्ता (टिम)ले आवश्यकताबोध गर्नुपर्छ । सरोकार पक्षलाई पनि संवादको बोध गराउँदै संवाद प्रक्रियाबारे अवगत गराइनु पर्छ । विषय प्रवेशका लागि आपसी तयारी (छलफल) अनि प्रारम्भिक सूचना संकलन, पक्षहरूसँग नियमित भेटघाट, अध्ययन विश्लेषण, सवालसँग सम्बन्धित आवश्यक कागजात संकलन, पक्षहरूको छुट्टाछुट्टै पहिचान, पक्षबीच समझदारी या सहमतिका लागि पूर्वतयारी बैठक, संयुक्त बैठक, प्रगति समीक्षा आदि चरणहरू पूरा गरिनुपर्दछ । मुख्यतया परिवेशलाई दृष्टिगत गर्दै विवेकपूर्ण रूपमा संवाद प्रक्रिया बढाइनुपर्ने हुन्छ।

### संवादको आवश्यकता र महत्त्व

भारतसँग जोडिएको बहुधर्म/बहुभाषी बसोबास बाँके संवेदनशील जिल्ला हो। जाति, समुदाय, धर्मका नाममा उच्छृंखल, अराजक र साम्प्रदायिक सद्भाव भड्काउने गतिविधि पनि हुने गर्दछन् । स-साना सवाल र मुद्दामा पनि उत्ताउलो र अराजक भएको तीतो दृष्टान्त छ । शान्ति, सद्भाव र सुशासनका लागि कसैको एकल पहलले सम्भव पनि छैन । पछिल्लो चरण त्यस्ता खालका घटनाहरू भएका त छैनन् तर सम्भावित द्वन्द्व कायमै रहेको हुनसक्छ।

पछिल्लो चरण विवाद र द्वन्द्व रूपान्तरणका लागि नागरिकस्तरबाट पनि पहल भएका छन् । जनसरोकारका कतिपय विषय र सवाललाई संवादमार्फत नै निकास खोजिएको छ। खोज्ने प्रयास गरिएको छ । बहुसरोकार, जटिल र संवेदनशील सवाल पनि संवादको माध्यमबाट हल गरिएका उदाहरणहरू छन् । नेपालगञ्जको भेरी अस्पताल परिसरको सटर विस्थापन, नरैनापुरमा विद्युतीकरण विस्तार, मनिकापुर गायत्रीनगरको बस्ती व्यवस्थापन आदि संवादकै माध्यमबाट सहज बनाइएको हो।

संवादको उद्देश्य एकापसमा कुराकानी गर्नुमात्र होइन । व्यक्तिको सोच र उनीहरूबीचका सम्बन्ध खुल्दै गएर सामूहिक समन्वयबाट वास्तविक स्वतन्त्रताको अनुभूति गर्नु पनि हो । समाजमा भाइचाराको सम्बन्ध स्थापना गर्न, विवादित तथा द्वन्द्वरत पक्षलाई द्वन्द्वको परिणाम सार्वजनिक हितमा लगाउन प्रेरित गर्न, शक्ति केन्द्रका बीचमा सन्तुलन कायम गर्न र नागरिकलाई आत्मसम्मानको अनुभूति दिलाउने परिवेश निर्माण गर्नका लागि पनि संवादको आवश्यकता पर्छ।

संवाद प्रक्रियाबाट सवाललाई सम्बोधन गर्ने मात्र नभई यसले संवादको संस्कृति निर्माणलाई जोड दिएको छ । अलग-अलग धर्म, समुदायका नागरिकहरूबीचमा पनि संवाद गरेर प्रेम, भ्रातृत्व, सहिष्णुता र एकता अभिवृद्धि गर्न/गराउन सकिन्छ। संवाद शिक्षाले हरेक व्यक्तिलाई सामाजिकमात्र हैन, शान्त र संयम पनि बनाउने गर्दछ । स-साना विवादमा पनि प्रहरी, अदालतसम्म पुग्नुपर्ने बाध्यता संवादबाटै हटाइनुपर्नेछ। संवाद संस्कृतिले सकारात्मक सोच उत्पन्न गराई विकास निर्माणमा लाग्न पनि मद्दत पुऱ्याउँछ। शान्ति तथा सद्भावका लागि संवादको संस्कृति निर्माण गर्नुपर्छ।

संवादको आवश्यकता र महत्त्व विस्तारै चुलिँदै गएको छ । शान्ति, सुशासन, विकासमा संवादको भूमिका अझै प्रभावकारी हुँदै गएको छ । राज्यको हरेक संयन्त्रलाई जनमुखी बनाउन, जनताको आवश्यकताअनुसार सेवा प्रवाह गर्न, राज्य प्रणालीमा सरोकारवालाहरूको सक्रिय एवं सार्थक सहभागिता गराउन र नागरिकलाई उपलब्ध गराउने वस्तु तथा सेवाहरू छिटोछरितो सरल एवं न्यायिक रूपमा उपलब्ध गराई आमनागरिकलाई शासनको सुखद अनुभूति दिलाउन पनि संवाद प्रक्रिया र संवाद संस्कृतिको आवश्यकता छ। *रासस*

*(लेखक नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशका उपाध्यक्ष एवं संवाद सहजकर्ता हुन्)*

## मनन्योग्य

### चाणक्य नीति

अस्वस्थ हुँदा पनि मस्तिष्कलाई चैतन्ययुक्त बनाउँदै तरोताजा हुनुपर्दछ। तर, म देख्दछु कि तिम्रो मस्तिष्क पनि थाकेजस्तो छ। यस्तो समयमा झन् बढी सतर्क हुनुपर्छ। तुरुन्त कसैलाई पनि भर-विश्वास गरिहाल्नुहुँदैन । यसले राजालाई हानि गर्दछ । अब राजवैद्यलाई लाग्यो उसमाथि चट्टान नै फुट्न लाग्यो । आश्चर्य मान्दै चन्द्रगुप्तले सोधे-'मैले कुरो बुझिन गुरुदेव !'

उनलाई सम्झाउँदै चाणक्यले भने-'तपाईले परीक्षण गरेपछि मात्र खाने पिउने गर्नुपर्छ। आफूले खान लागेको वस्तु हानिकारक छ कि ? विचार पुऱ्याउनुपर्छ।'

चाणक्यले वैद्यतिर फर्केर भने वैद्यजी ! माफ गर्नुस्, राज्यव्यवस्थाको कठोर नियमले गर्दा राजालाई खुवाउन लाग्नु भएको यो ओखतिलाई म पहलि विरालोलाई खान दिई परीक्षण गर्दछु। त्यसपछि मात्र तपाईले यो औषधि महाराजलाई खुवाउनुहोस्।

यो सुनी वैद्यका हात काम्न थाले । मुख डरले पहेंलो भयो । उनले आफ्नो मृत्यू साक्षत् खडा भएको देख्न लागे । कथा डरने पहली भयो आफ्नो मृत्यु साक्षात् बडाएको देख्न लागे।

वैद्यको यस्तो हालत चाणक्यले देखी तुरुन्तै परिस्थिति बुझे । चन्द्रगुप्तसँग भने-'देख्नुभयो राजा ! यो षडयन्त्र तपाईंलाई सपनामा पनि जानकारी थिएन होला । तर मलाई सन्देह भयो । त्यसबेला जुनबेला वैथने सबै सेवक बाहिर पठाए। किनकि, आफूले चाहेअनुसार औषधिमा विष बाहिर पियाउन तयार गर्न सकियोस तर यिनले यो पनि बिर्सिए चाणक्य पूर्णतः चैतन्य अवस्थामा छ।'

राजवैद्यले बुझे अब बाँच्ने कुनै उपाय छैन । बन्दी भई कारागारको यातना जो सोच्दै थिए शरीरमा कम्पन आयो अनि त्यो विषको प्याला (भाँडा) एकै सासमा पिई आफ्नो प्राणको अन्त्य गरे । यसरी राक्षसको डरलाग्दो षड्यन्त्र चाणक्यका सजगताले समाप्त हुनगयो। सुख, दुःख, जय पराजय समुद्रका तरजस्तै हुन्छन्। दुःखपछि सुख, सुख दुख जान्छ जसले पराजयबाट साहस छोडी बस्छ त्यो मृतप्रायः हुन्छ । युद्ध हतियारबाट मात्र गरिदैन बुद्धि, विवेक, साहस, धैर्य आदिका नेतृत्व जितिन्छ।

टा...ढा, सहर सीमाभन्दा धेरै टाढा सुनसान जंगलको प्राकृतिक गुफामा आफ्ना विश्वस्त साथीसहित राक्षस विचारमा मग्न थिए। क्रमशः

## पत्र-मञ्जुषा

# देश विकासका लागि राष्ट्रिय सहमतिको आवश्यकता

मुलुकको अवस्था सबैलाई थाहै छ। दलहरूले भनेको राष्ट्रिय सहमति कस्तो हो ? राष्ट्रिय सहमति हुने हो भने राजतन्त्रवादीसँग पनि हुनुपर्दछ। राजावेगर देशमा राष्ट्रिय सहमति हुँदैन । विगतलाई हेर्दा वर्तमान अवस्था कहालीलाग्दो छ। २०४५ सालसम्म नेपालमा धान, चामल, निकासी कम्पनी थियो। अहिले आयात गर्ने कम्पनी भयो। देश दिनानुदिन ओरालो लाग्दो अवस्थामा छ। जनताले गरिखाने ठाउँ छैन।

२०४५ सालअघि काठमाडौंको टोलटोलमा गलैंचा कारखाना थिए। ती उद्योगहरूमा सबै नेपालीले काम गर्न पाएका थिए। यतिबेला रोजगारी नपाएर लाखौं लाख युवा विदेशिनुपरिरहेको छ। यो अवस्थामा नेपालीले नेपालमै रोजगारी पाउने अवस्था निर्माण गर्नुपर्दछ। देश सबैको साझा हो, यहाँ सबैपक्ष अटाउनुपर्छ। सबै नेपाली हाँसेर बस्न पाउने अवस्था सिर्जना गर्नुपर्छ। तर, राजनीतिका नाममा हामी छलछाममा मात्र लाग्ने हो भने, यो देश कसरी बन्छ। त्यसैले देश बनाउन सबै जनता मिल्नु जरुरी छ।

निर्वाचन भनेको राजनीतिभन्दा पैसाको विषय भएको छ, राजनीति सबै पैसामा गयो, पैसामा जाने राजनीतिमा के कुरा गर्नु । हुन त नेपालमा ८२ प्रतिशत हिन्दू छन्, तर भोट हाल्न जाने बेलामा धर्मनिरपेक्षतामा भोट जान्छ। त्यसले जनता नै भनाइ गराइमा फरक छ। मन्दिरमा ढोग्छन्, तर त्यही मन्दिरभित्रका देवतालाई चिन्दैनन्, देवता त सबैका लागि हो । त्यसैले हामीले हिन्दू धर्मसँगै राजसंस्था पुनःस्थापित गर्नुपर्छ। राजाविनाको देश विकास सम्भव छैन । धर्मविनाको राज्य के राज्य ? त्यसले धर्म र राजसंस्था अपरिहार्य बनेको हो । यसै मेसोमा भन्नुपर्दा कांग्रेस-एमालेको गतिविधि आ-आफ्नो स्वार्थमा छ, देश र जनताको हितमा हुनुपर्छ । उनीहरू पनि जनताकै आदेशअनुसार चल्नुपर्छ।

राप्रपाले सडक र सदनबाट हाम्रो आवाज उठाउँदै छ, ढिलोचाँडो हाम्रो एजेण्डा स्थापित हुने छ। तर, हामीले हाम्रो अभियान कायम राख्नुपर्छ। यस्तै मुखले भ्रष्टाचार गर्दिनँ भन्छन् तर उनीहरूले भ्रष्टाचार गरिरहेका छन् भ्रष्टाचार नियन्त्रणबाट मात्र देश विकास बन्छ। जनतालाई समृद्ध बनाउने हो भने पहिले भ्रष्टाचार नियन्त्रण गर्नैपर्छ।

यसैगरी राप्रपा सरकारमा छ, यो गठबन्धन कति दिन कायम रहला र यो गठबन्धनमा किन भएको भन्दा राप्रपाको एजेण्डा स्थापित गर्न गएको हो। एजेण्डा पूरा नभए राप्रपा सरकारबाट बाहिर आउने छ। त्यसैले देशवासीलाई सन्देश दिनुपर्दा देशमा महँगी भ्रष्टाचारले सबै जनता दुःखी छन्। अहिले पीडित, बुद्धिजीवी, विद्यार्थी, नागरिक, अगुवाहरू पनि सडकमा आउनुपर्छ।

–गोकर्णराज सिटौला

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**चिउरीको घिउ** | चितवनको कालिका नगरपालिका–१० जिङलाउमा चिउरीको बियाँ पेलेर घिउ निकाल्दै स्थानीय गोपाल प्रजाको परिवार । यसरी निकालेको घिउ उनीहरूले वर्षभरि तरकारी र सागसब्जीमा प्रयोग गरेर खाने गर्छन् ।
*तस्बिरः कृष्ण आचार्य/रासस*

# नागरिकका गुनासो सुन्न गाउँ–गाउँमा प्रशासन

**अछाम–** जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय अछाममले नागरिकका समस्या सुन्न र सेवा प्रवाहबारे जानकारी गराउने उद्देश्यले जिल्लाका १० वटै स्थानीय तहमा अन्तरक्रिया तथा छलफल सुरु गरेको छ ।

सोही अभियानअन्तर्गत शुक्रबार चौरपाटी गाउँपालिकामा एक कार्यक्रम आयोजना गरियो । सो अवसरमा जिल्ला प्रशासन र प्रहरी प्रमुखले आफू मातहत र कार्यालयबाट प्रदान गर्ने सेवाबारे जानकारी प्रदान गरे ।

प्रमुख जिल्ला अधिकारी शरदकुमार पोखरेलले समाजका कुरीति तथा कुसंस्कारविरुद्ध सबैलाई सचेत पार्ने उद्देश्यले सबै पालिकामा सचेतनामूलक कार्यक्रम गरिएको बताए । सो अवसरमा उनले जिल्ला प्रशासन कार्यालयबाट प्रदान हुने सेवा प्रवाहका साथै ऐन, निर्देशिका, कार्यविधिलगायत विषयमा जानकारी गराए ।

उनले स्थानीय नागरिक तथा स्थानीय तहका जनप्रतिनिधिले नागरिकता, महिला हिंसा, बालबिवाह, छुवाछूत, लागुऔषधलगायत समाजिक कुसंस्कारलाई कम गर्न सुरक्षा निकायको महत्त्वपूर्ण भूमिका भएकाले सहयोग गर्नुपर्ने बताए ।

लागुऔषधका घटना बढ्न थालेपछि अछाम–डोटीको सिमाना चौखुट्टे र दैलेख–अछामको सिमाना बेलखेतमा सुरक्षा व्यवस्था कडा बनाइएको जिल्ला प्रहरी कार्यालय अछामका प्रमुख प्रहरी नायब उपरीक्षक सन्तोष पाठकले बताए ।

गाउँपालिका अध्यक्ष भीमबहादुर साउदले नागरिकलाई सचेत बनाउने उद्देश्यले सबै वडामा सचेतनामूलक कार्यक्रम सञ्चालनको तयारी भएको बताए । अछामको चौरपाटी गाउँपालिका र डोटीको पुर्वीचौकी गाउँपालिकाबीच समन्वय गरी लागुऔषध न्यूनीकरण र रोकथामका लागि कडाइका साथ अभियान सञ्चालन गरिने उनको भनाइ छ । *रासस*

# जाजरकोटका भूकम्पपीडित त्रिपालमै



**जाजरकोट–** कात्तिक १७ गते मध्यरातको भूकम्पले नलगाड नगरपालिका–८ कोरिञ्चेका मनबहादुर खत्रीको घरको आधा भाग भत्किएको छ । घरको आधा भाग भत्किए पनि जोखिम मोलेर पशुचौपायदेखि केही घरायासी सामान भत्केको घरभित्र राख्ने गरिएको छ । परिवारका सदस्य खुला ठाउँमा त्रिपाल टाँगेर बसिरहेका छन् ।

विभिन्न निकायबाट प्राप्त एक थान त्रिपाल र आफूसँग रहेको कपडाको सहारामा यो परिवार खुला आकाशमा चिसो तथा अभावसँग संघर्ष गरिरहेको छ । खत्रीको आधा घर भत्किएर त्यहाँ रहेका काठदेखि अन्य सामान निकाल्न एक लाख रूपैयाँभन्दा बढी खर्च हुने अनुमान छ । भिरालो जमिन भएका कारण अन्य ठाउँमा अस्थायी टहरा निर्माण गर्नका लागि पर्याप्त ठाउँ पनि छैन । नयाँ अस्थायी आवास निर्माण गर्नभन्दा भूकम्पबाट छिया, छिया भएको घरबाट सामान निकाल्न बढी रकम खर्च हुने भएपछि खत्री परिवार चिन्तित बनेको छ ।

अस्थायी आवास निर्माणका लागि खत्रीको खातामा अहिलेसम्म रकम प्राप्त भएको छैन । राज्यले दिने रकमको प्रतीक्षामा उनी छन् ।

आफ्नै खेतबारीमा उत्पादन हुने अन्नले चार महिना खाना नपुग्ने सर्वसाधारणलाई आर्थिकरूपमा बलियो हुने समय नपाउँदा अब कसरी परिवारका समस्या हल गर्ने भन्दै चिन्तामा परेको बारेकोट गाउँपालिका–१ सिल्पाचौरका कालीबहादुर बुढाले बताए । उनले भने, ‘यता घर भत्किएका छन्, त्रिपालबाट कहिले निस्कने बाबा ?, हाम्रो घर कहिले बनाउने भन्दै छोरा, छोरीले हजार पटक प्रश्न गर्छन् ? अब के उत्तर दिनु !’

बारेकोट गाउँपालिकाका अध्यक्ष वीरबहादुर गिरी पर्याप्त मात्रामा राहत सामग्री नआउँदा कठिनाइ खप्नुपरेको बताउँछन् । ‘त्रिपाल प्राप्त भएका छन् तर तिनलाई जोड्ने कुनै पनि सामग्री आएका छैनन्, खुला आकाशमै विद्यालय सञ्चालन गर्नुपरेको छ,’ उनले भने ।

नलगाड नगरपालिकामा अस्थायी आवास निर्माण बनाउन बजेट प्राप्त भएको छैन । जिल्ला प्रशासन कार्यालयले रकम नभएकाले निकासा दिन नसकेको स्पष्ट गरेको छ । भूकम्पप्रभावित जुनिचाँदे गाउँपालिकामा पनि रकम निकासा भएको छैन ।

जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत अधिकारी हरिश्चन्द्र शर्माका अनुसार भेरी नगरपालिकामा दुई हजार ५४९ परिवार, नलगाड नगरपालिकामा आठ हजार ९७, छेडागाड नगरपालिकामा तीन हजार ६६४, बारेकोटमा पाँच हजार ५८६ परिवार, कुशेमा पाँच हजार २८६, जुनिचाँदेमा दुई हजार ५३६, शिवालयमा तीन हजार ३०९ गरी जम्मा ३१ हजार ५५ घर परिवार अस्थायी आवास निर्माण गर्नका लागि छनोट भएका छन् ।

हालसम्म अस्थायी आवास निर्माणका लागि भेरी नगरपालिकामा छ करोड ३७ लाख २५ हजार रूपैयाँ, बारेकोटमा १३ करोड ९६ लाख ५० हजार, कुशेमा १३ करोड २१ लाख ७५ हजार, शिवालयमा आठ करोड २७ लाख २५ हजार रूपैयाँ प्रदान गरेको छ । *रासस*

# भारतबाट पसेका हात्तीको त्रासमा तीन जिल्ला

**झापा (प्रस)–** डेढ महिनाअघि भारतबाट जिल्लाको बाहुनडाँगी सीमानाका हुँदै नेपाल प्रवेश गरेका ३६ जंगली हात्तीका कारण कोशी प्रदेशका तीन जिल्लाका बासिन्दा त्रसित छन् ।

झापा, मोरङ र सुनसरी क्षेत्रका जंगलमा विचरण गर्दै आएका ती हात्तीबाट जीउधनको सुरक्षा कसरी गर्ने भन्ने चिन्ता बढेको छ । एक महिनामा हात्तीको आक्रमणमा परेर झापामा दुई, मोरङमा एक र सुनसरीमा एक गरी चारजनाको मृत्यु भइसकेको छ । मेचीनगर नपा–४ का हात्ती संरक्षण अभियानकर्मी शंकर लुइँटेलका अनुसार गत कात्तिक ३ गते बाहुनडाँगीको सीमा क्षेत्रबाट ती हात्ती नेपाल पसेका थिए । हात्तीको बथानमा छावा पनि छन् । ती हात्ती हालसम्म नफर्किएको उनले बताए । हिउँद याममा बर्सेनि यसरी नै भारतबाट हात्तीको ठूलो बथान नेपाल आउने गरेका छन् । लुइँटेलका अनुसार त्यस्ता हात्ती नेपालबाट १० देखि १५ दिनभित्रमा भारततिरै फर्कने गरेका थिए ।

डिभिजन वन कार्यालय मोरङका प्रमुख विष्णुलाल घिमिरेले हाल ती हात्ती मोरङको कानेपोखरी जंगलमा आश्रय लिएर बसेको बताए । उनका अनुसार चार छावासहित आएका हात्तीलाई सो क्षेत्र आसपासमा दिनहुँ देखिने गरेका छन् । मोरङको कानेपोखरी जंगल आसपासका बस्ती र खेतमा मकैलगायत हात्तीलाई मन पर्ने खाद्यान्न प्रशस्त पाइने गरेका कारण तिनीहरू भारततिर नफर्किएको अनुमान गरिएको छ । सडक छेउछाउ र बजारमा पोलेर बिक्रीका लागि सो क्षेत्रमा बेमौसमी मकैको खेती हुने गरेको छ ।

बेलबारी नगरपालिका–८ र १० का स्थानीय किसानले ठूलो क्षेत्रफलमा मकै खेती लगाएका छन् । ‘मकै हात्तीले असाध्यै मन पराउँछ,’ डिभिजन वन कार्यालय मोरङका प्रमुख घिमिरेले भने, ‘मोरङको अन्य पालिकाभन्दा यहाँ मकै खेती प्रशस्त हुने गरेको छ, हात्तीले प्रशस्त आहार पाएका कारण यतै बसेका हुन् कि भन्ने अनुमान छ ।’


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRESTIGE GENERAL SERVICES LLC
पूर्व स्वीकृति मिति २०७९/०७/२८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२९ | LT. No. 275124 | चलानी नं. ६०१९१३४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 20 | 0 | 800 | २८,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Loaders / Helpers | 8 | 0 | 800 | २८,९०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ८ गते (24th Dec. 2023) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No. 1102/073/074
(डि. के. रिभर ओभरसिज प्रा.लि)
DK RIVER OVERSEAS (P.) LTD.
Tokha-09, Gangabu, Kathmandu,
Tel : 01-4980932/4982214/4955132
Mobile : 9851219532 Email : dkriverhr@gmail.com


# घट्दै सडक बालबालिका

**काठमाडौं–** पछिल्लो समयमा सडकमा जीवनयापन गर्ने बालबालिकाको संख्या घट्दो क्रममा रहेको पाइएको छ । राष्ट्रिय बालअधिकार परिषद्का सूचना अधिकारी रामबहादुर चन्दले आर्थिक वर्ष २०७६/७७ देखि सडक बालबालिका मुक्त राष्ट्र अभियान सञ्चालन भएपछि सडकमा जीवनयापन गर्ने बालबालिकाको संख्या घट्दो क्रममा रहेको जानकारी दिए । योसँगै उद्धार गरिएका बालबालिकाका संख्यामा पनि कमी आएको उनको भनाइ छ ।

सडकमा जीवनयापन गरिरहेका बालबालिकामध्ये २०७३ सालदेखि २०८० असार मसान्तसम्म जम्मा दुई हजार ११४ जनाको संरक्षण तथा व्यवस्थापन गरिएको थियो । साथै, आर्थिक वर्ष २०७९/८० मा मात्र १२६ जना बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन गरेको परिषद्ले जनाएको छ ।

परिषद्का अनुसार पछिल्लो पाँच वर्षमा उद्धार, संरक्षण तथा व्यवस्थापन गरिएका बालबालिकाको संख्या एक हजार २४१ जना छ । जसमध्ये ६१७ जनाको परिवारमा पुनर्मिलन गरिएको, ७६५ जनालाई संस्थागत पुनःस्थापना गरिएको, २१४ जनाले सीपमूलक तालिम लिएका र ५५ जना स्वरोजगारमा लागेका छन् ।

परिषद्का अनुसार आव २०७५/७६ मा १७७ बालक र तीनजना बालिका गरी जम्मा १८० बालबालिकाको उद्धार गरिएको छ । १६२ जनालाई परिवारमा पुनर्मिलन गरिएको, २१ जना सीपमूलक तालिम लिएका र १३ जना स्वरोजगार संलग्न छन् ।

आव २०७६/७७ मा ३०० बालक र ८७ बालिका गरी जम्मा ४६५ बालबालिकाको उद्धार गरेको छ । २२८ जनालाई परिवारमा पुनर्मिलन गरिएको, ३५१ जनालाई संस्थागत पुनःस्थापना गरिएको, ८४ जना सीपमूलक तालिम लिएका र १४ जना स्वरोजगारमा संलग्न छन् ।

आव २०७७/७८ मा ३०१ बालक र ५४ बालिका गरी जम्मा ३५५ बालबालिकाको उद्धार गरिएको छ । कूल ५८ जनालाई परिवारमा पुनर्मिलन गरिएको, २९७ जनालाई संस्थागत पुनःस्थापना गरेको छ । त्यस्तै ३० जनाले सीपमूलक तालिम लिएका र ११ जना स्वरोजगारमा संलग्न रहेका छन् ।

आव २०७८/७९ मा बालक १३२ र २५ बालिका गरी जम्मा १५७ बालबालिकाको उद्धार गरेको छ । सोही आवमा १०० जनालाई परिवारमा पुनर्मिलन गरिएको, ११४ जनालाई संस्थागत पुनःस्थापना गरेको, ६९ जनाले सीपमूलक तालिम लिएका र १३ जना स्वरोजगारमा संलग्न छन् ।

आव २०७९/८० मा १०१ बालक र २५ बालिका गरी जम्मा १२६ बालबालिकाको उद्धार गरेको छ । सोही आवमा ६९ बालबालिकाको परिवारमा पुनर्मिलन गरिएको, तीन जनालाई संस्थागत पुनःस्थापना गरेको, १० जनाले सीपमूलक तालिम लिएका र चारजना स्वरोजगारमा संलग्न छन् ।

सडकबाट उद्धार गरिएका बालबालिकालाई परिषद्ले अस्थायी संरक्षण सेवा केन्द्रमा संरक्षण र पुनःस्थापनासम्बन्धी काम गर्ने गरेको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको नेतृत्व र परिषद्को संयोजन र प्राविधिक सहयोगमा बालबालिका खोजतलास समन्वय केन्द्र एवं प्रदेश, स्थानीय सरकार, विभिन्न संघसंस्थाको सहकार्यमा मुलुकभर सडक बालबालिकाको उद्धार र व्यवस्थापन कार्य प्रभावकारीरूपमा सञ्चालन भइरहेको परिषद्ले जनाएको छ ।

विसं २०७३ बाट सुरु भएको काठमाडौं उपत्यकाका सडक बालबालिकाको उद्धार र व्यवस्थापन कार्यको अभियान निरन्तर छ । आव २०७६/७७ देखि सडक बालबालिका मुक्त राष्ट्रिय अभियानको सुरु भएको थियो । प्रदेशले समेत सडकमा आश्रित बालबालिका र मानवमुक्त सडकका अभियानात्मक कार्यक्रम सुरु गरेका छन् ।

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (४) मा जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यका लागि राज्यबाट तोकिएबमोजिम विशेष संरक्षण पाउने अधिकार रहेको छ । *रासस*


## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AGIG ENTERPRISE SDN BHD
पूर्व स्वीकृति मिति : २०७९/०४/०४ | पून स्वीकृति मिति : २०८०/०८/३० | LT. No. 267640 | चलानी नं. :६०१८३५३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec. | 110 | 0 | 1500 | ४२,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PURE GARMENT TRADING
पूर्व स्वीकृति मिति : २०७९/१२/२४ | पून स्वीकृति मिति : २०८०/०८/३० | LT. No. 284071 | चलानी नं. :६०१९९६९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKER | 15 | 0 | 1500 | ४२,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PURE GARMENT TRADING
पूर्व स्वीकृति मिति : २०७९/०४/२४ | पून स्वीकृति मिति : २०८०/०८/३० | LT. No. 269068 | चलानी नं. :६०१८४९७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKER | 50 | 0 | 1500 | ४२,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ८ गते (24rd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Himalayan Human Resources Nepal Pvt. Ltd.
श्रम ईजाजत नं. ४५१/०६०/०६१
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4954342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com

## अर्जुनाको 'रिसाउलान् सुन्दा कुरा' सार्वजनिक

गायिका अर्जुना राईको आधुनिक गीत 'रिसाउलान् सुन्दा कुरा' सार्वजनिक भएको छ । आफैंलाई संसारको सबैभन्दा खुसी भएको आशय रहेको यस गीत म्युजिक जंकसन नेपालबाट युट्युबमा सार्वजनिक भएको हो । गीतमा वीरेन्द्र राईको शब्द र विक्रम राईको संगीत रहेको छ । बिसम आचार्यले एरेन्ज गरेको यस गीत हाम्रो स्टुडियोमा रेकर्डिङ गरिएको हो । गीतको भिडियो श्याम तामाङले खिचेका हुन् भने गायिका अर्जुना स्वयं फिचरिङ भएकी छन् ।






# 'श्यामल'सहित वरिष्ठ साहित्यकार सम्मानित




■ प्रभाव संवाददाता

**काठमाडौं–** मध्यपश्चिमाञ्चल साहित्य परिषद्ले विभिन्न विधाका वरिष्ठ साहित्यकारहरूलाई सम्मान गरेको छ । संस्थाको शनिबार आयोजित सातौं साधारणसभामा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले श्रष्टाहरूलाई सम्मान प्रदान गरिन् ।

कार्यक्रममा मध्यपश्चिम स्रष्टा सम्मान २०८० वरिष्ठ कवि एवं निबन्धकार हरिहर अधिकारी 'श्यामल' लाई प्रदान गरिएको छ । उनी राष्ट्रिय समाचार समिति (रासस)का पूर्व कार्यकारी अध्यक्ष हुन् । त्यसैगरी सोही सम्मानबाट साहित्यकार बलदेव शर्मा 'मजगैया' र प्राडा मीनबहादुर बिष्टसमेत सम्मानित भएका छन् ।

लोकेन्द्र शाह स्मृति सम्मान २०८० बाट कवि तथा कथाकार अम्मर शाह, कालीदास जोशी स्मृति सम्मानबाट कवि तथा समालोचक डा दीपक गौतम, प्रेम प्रकाश मल्ल स्मृति सम्मानबाट कवि तथा लोक सहित्य अन्वेषक मनोहर लामिछाने, इन्द्रमणि मानव स्मृति सम्मानबाट कवि तथा लोकसंस्कृति अन्वेषक मोतिराज बम सम्मानित भएका छन् ।

कृष्णसेन इच्छुक स्मृति सम्मान प्रा डा गोपीन्द्र पौडेल, नेत्रलाल अभागी स्मृति सम्मान वरिष्ठ साहित्यकार गिरीराज शर्मा, योगी नरहरिनाथ स्मृति वाङ्मय पुरस्कार र हरिप्रसाद मानकुमारी उपाध्याय स्मृति पुरस्कार विशिष्ट वाङ्मय साधक प्राडा चुडामणि बन्धुलाई प्रदान गरियो । त्यस्तै संस्थापक सम्मानबाट मध्यपश्चिमाञ्चल साहित्य परिषद् काठमाडौंका संस्थापक अध्यक्ष प्रा डा केशव सुवेदी सम्मानित भएका छन् ।

# पल शाहविरुद्धको मुद्दा दोहोऱ्याएर सुनुवाइ गर्न अनुमति

■ प्रभाव संवाददाता

**काठमाडौं–** सर्वोच्च अदालतले अभिनेता पल शाह (पूर्णविक्रम शाह) विरुद्धको मुद्दा दोहोऱ्याएर हेर्न अनुमति दिएको छ । न्याधीशद्वय शुष्मालता माथेमा र हरिप्रसाद फुयालको यही मंसिर २२ गेतको संयुक्त इजलासले शाहविरुद्धको मुद्दा दोहोऱ्याएर हेर्न अनुमति दिएको हो ।

उच्च अदालत पोखराले प्रमाणहरूको समुचित मूल्यांकन नगरी फैसला गरेको भन्दै उच्च अदालतले शाहविरुद्धको फैसला दोहोऱ्याएर हेर्न अनुमति प्रदान गरेको हो ।

पीडितको बकपत्र र प्रतिवादीको बयान तथा शारीरिक परीक्षण प्रतिवेदन तथा चिकित्सकको बकपत्र, पीडित र प्रतिवादीबीचको अडियो रेकर्ड र त्यसको प्रतिवादीबाट अदालतको बयानमा रहेको स्वीकारोक्तिलगायतका प्रमाणको समुचित मूल्यांकन नभएको सर्वोच्चको भनाइ छ ।

अभिनेता शाहले बलात्कार गरेको भन्दै एक नाबालिगले २०७८ फागुन ११ गते तनहुँमा र फागुन १५ गते नवलपुरमा जाहेरी दिएकी थिइन् ।

जबरजस्तीकरणी मुद्दामा लामै समय पूर्पक्षका लागि थुनामा रहेका शाहलाई उच्च अदालतका तत्कालीन कायममुकायम मुख्य न्यायाधीश डिल्लीराज आचार्य र न्यायाधीश श्रीधराकुमारी पुडासैनीको संयुक्त इजलासले सफाइ दिएको थियो ।

महान्यायाधिवक्ताको कार्यालयले भने उक्त फैसला दोहोर्याएर हेर्न पाउँ भनि निवदेन दिएको थियो । सोही निवदेनको सुनुवाइ गर्दै सर्वोच्चले अनुमति प्रदान गरेको हो ।



# नेपाली भजन 'कहाँ होला वैकुण्ठ भन्ने ठाउँ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** भजन गायक मनिष रञ्जन बरालको नयाँ भजन सार्वजनिक भएको छ । 'कहाँ होला वैकुण्ठ भन्ने ठाउँ' बोलको भजन सार्वजनिक भजनमा मनिषको स्वर रहेको छ । भजनका शब्दहरू सङ्कलन गरिएका हुन् ।

भजनमा प्रकाश अधिकारीले ढोलक बजाएका छन् भने अक्टो प्याड याम पुन मगरले चलाएका छन् । त्यस्तै हार्मोनियममा सुरज भट्टराई छन् भने साउन्डमा सन्जन पौडेल रहेका छन् । भिडियोको पोष्ट प्रोडक्सन दिप टेलिभिजनले गरेको हो ।

भजनको भिडियो समेत बनेको छ । भिडियोमा गायक मनिषले भजन गाइरहेको देखाइएको छ भने वाद्यवादन टिम पनि भिडियोमा देखिएका छन् ।




## रंगशाला

**एनएसएल फुटबल**

# इलामको 'प्लेअफ' सम्भावना समाप्त




**काठमाडौं (प्रस)–** नेपाल सुपर लिग एनएसएलमा शनिबार एफसी चितवन र स्पोर्टिङ इलामले बराबरी खेलेका छन् । दशरथ रंगशालामा दिनको दोस्रो खेलमा चितवन र इलामले गोल रहित बराबरी खेल्दै अंक बाँडेका हुन् । खेल अवधिभर दुवै टिमले अवसर सिर्जना गरेपनि गोल निकाल्न भने सकेनन् ।

इलामका केही उत्कृष्ट प्रयासलाई चितवनका कप्तान बिशाल श्रेष्ठले असफल बनाएका थिए । प्लेअफ पुग्ने चितवनको गणितिय सम्भावना बाँकी छ । इलामले भने अब शीर्ष चारको दौडबाट बाहिरिएको छ । चितवनले ७ खेलबाट ६ अंक बटुलेर तालिकाको सातौं स्थानमा यथावत रह्यो । इलाम ५ अंक सहित तालिकाको पुछारमै रह्यो ।

### पोखरा दोस्रो स्थानमा

दिनको पहिलो खेलमा पोखरा थन्डर्सले बिरगञ्ज युनाईटेडलाई २-१ ले हरायो । जित सहित पोखरा लिग तालिकाको दोस्रो स्थानमा उक्लियो ।

जोए आइडोले खेलको छैटौं मिनेटमा पोखरालाई अग्रता दिलाएका थिए । त्यसको चार मिनेटपछि बिरगञ्जका एकिन्स बाफोरले खेल बराबरीमा ल्याए । पहिलो हाफ सकिन एक मिनेट अघि मोसेस टुम्बाले गोल गर्दै पोखरालाई जित दिलाएका थिए ।

जित सहित पोखराले शीर्ष स्थानको धनगढीसँग अंक बराबरी गरेको छ । पोखराको ११ अंक भएको छ । बिरगञ्ज ५ अंक सहित पुछारदेखि दोस्रोमा छ ।

# विपना र अरहान्त बने च्याम्पियन

**काठमाडौं (प्रस)–** विपना ब्लोन र अरहान्तकेशर सिंह शनिबार एनएसआरए एनिभर्सरी कप स्क्वास प्रतियोगिता २०८० मा च्याम्पियन बनेका छन् ।

सातदोबाटोस्थित नेपाल स्क्वास ऱ्याकेट संघका भवनमा भएको प्रतियोगिताको पुरुष एकल फाइनलमा नेपालका नम्बर एक अरहान्तले अमिर ब्लोनलाई चार सेटमा ६-११, ११-७, ११-४, ११-८ ले पराजित गरे । अरहान्तको खेलजीवनको १४ औं एकल उपाधि भएको छ । महिला एकल फाइनलमा विपना ब्लोनले कृष्णा थापालाई चार सेटमै ११-८, ८-११, ११-६ र १३-११ ले हराइन् ।

यसैगरी यु-१९ गर्ल्समा साक्षी सुनुवार फाइनलमा रेनेसा महर्जनलाई सीधा सेथटमा ११-२, ११-१ र ११-२ ले हराएर च्याम्पियन बने । यु-१९ ब्वाइजको फाइनलमा विकास तुम्सिङ मगरले पासाङ ब्लोनलाई चार सेटमा ११-७, १२-१४, ११-६ र ११-४ ले पराजित गरे । यसैगरी मास्टर्स ५० प्लसमा छविलाल पाइजा पुन प्रज्वल प्रधानलाई ३-१ सेटमा र प्लेट च्याम्पियन्सीपमा पासाङ ब्लोन दिव्यराज वज्राचार्यलाई सोझो सेटमा ३-० ले हराएर च्याम्पियन बने ।

### भावना र राजेन्द्रको सन्न्यास

नेपाल स्क्वास ऱ्याकेट संघले प्रतियोगिताको समापन कार्यक्रममा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्क्वास प्रतियोगिताबाट सन्न्यास लिएका दुई अनुभवी खेलाडी भावना सुनुवार र राजेन्द्र शाक्यलाई शुभकामनासहित सम्मानपत्र प्रदान गरी उनीहरूको योगदानको कदर गरेको छ ।

यी दुवैले घरेलु स्क्वास प्रतियोगितालाई भने निरन्तरता दिनेछन् । चार पटक दक्षिण एसियाली खेलकुद (साग)मा सहभागी भएर भावनाले कोलेम्बोमा भएको दशौं साग, गुवाहाटीमा भएको १२ औं साग र काठमाडौंमा भएको १३ औं सागमा नेपाललाई महिला टिम इभेन्टमा काश्य पदक दिलाएको छ ।

**एलपिएल क्रिकेट**

# सत्यवती एकेडेमीलाई उपाधि




■ प्रभाव संवाददाता

**काठमाडौं–** आठौँ संस्करणको लिटल फ्लावर प्रिमियर लिगको उपाधि सत्यवती एकेडेमी, अत्तरियाले जितेको छ । कैलालीको धनगढीस्थित फाप्ला क्रिकेट मैदानमा शनिबार भएको फाइनलमा सत्यवती एकेडेमीले धनगढी स्पोर्ट्स क्लबलाई ५ रनले पराजित गऱ्यो ।

रोमाञ्चक खेलमा सत्यवतीले दिएको १२७ रनको लक्ष्य पछ्याएको धनगढी स्पोर्ट्सले १९.२ ओभरमा सबै विकेट गुमाएर १२१ रन बनायो । धनगढी स्पोर्ट्सको ब्याटिङमा बसन्त कार्कीले ३५, सुनिल धमलाले २८ तथा अमर सिंह रौटेलाले २७ रन योगदान दिए पनि जितको लागि पर्याप्त भएन ।

लक्ष्य पछ्याउने क्रममा धनगढी स्पोर्ट्सले ३६ रनमा सुरुवात ५ विकेट गुमायो । छैठौं विकेटको लागि बसन्त कार्की र भुवन कार्कीले ३३ रनको साझेदारी गरे । भुवनको विकेट पछि सातौं विकेटको लागि बसन्तले अमर सिंह रौटेलासंग ४३ रन जोडे । अठारौं ओभरमा अभिषेक कोइरालाले अमर सिंह रौटेलाको विकेट लिंदै सत्यवतीलाई खेलमा फर्काए । लगत्तै ओभरमा तृत राज दासले बसन्त कार्की र दिपक चन्दको विकेट लिए।

जितको लागि अन्तिम ओभरमा १० रन आवस्यक हुँदा धनगढी स्पोर्ट्स क्लबसंग १ विकेट बाँकी रहेको थियो। अन्तिम ओभर बलिङ गरेका सन्दिप खत्रीले पहिलो बलमा वाइड र दोस्रो बलमा २ रन दिएपछि तेस्रो बलमा विकास आग्रीको रूपमा धनगढी स्पोर्ट्सले अन्तिम विकेट गुमायो ।

सत्यवतीको बलिङमा प्लेयर अफ द म्याच समेत घोषित अभिषेक कोइरालाले सर्वाधिक ४ विकेट लिए जुन क्रममा ४ ओभरमा १५ रन खर्चिए। तृत राज दासले २ तथा फिर्दोस अन्सारी, सन्तोष कार्की र रञ्जित कुमारले १/१ विकेट लिए । टस जितेर ब्याटिङ गरेको सत्यवती एकेडेमीले २० ओभरमा ६ विकेट क्षतिमा १२६ रन बनाएको थियो ।

सत्यवतीको ब्याटिङमा पाँचौ नम्बरमा ब्याटिङ गरेका सन्दीप रजालीले सर्वाधिक ४१ रन बनाए जुन क्रममा उनले ३६ बलमा ३ चौका र ३ छक्का प्रहार गरे । तृतराज दासले १३ बलमा अविजित २७ रन बनाए जुन क्रममा ४ चौका र १ छक्का प्रहार गरे । फिर्दोस अन्सारीले २२, सन्तोष कार्की र समीर कार्कीले समान १० रन बनाए ।

पावरप्लेमा ३ विकेट गुमाएको अवस्थाबाट चौथो विकेटको लागि सन्दीप रजाली र फिर्दोस अन्सारीले ६७ रनको साझेदारी गर्दै टिमलाई उकासे । आठौं विकेटको लागि तृत राज र समीर कार्कीले अविजित ३६ रनको साझेदारी गरे । धनगढी स्पोर्ट्स क्लबको बलिङमा दीपक चन्द, भोजराज भट्ट र भुवन कार्कीले २/२ विकेट लिए ।

बिजेता सत्यवती एकेडेमीले विजेता ट्रफी सहित दुई लाख ५५ हजार र उपविजेता धनगढी स्पोर्ट्स क्लबले एक लाख २८ हजार रूपैयाँ पुरस्कार पाएका छन् । प्रतियोगिताको उत्कृस्ट खेलाडी तथा उत्कृष्ट बलर धनगढी स्पोर्ट्स क्लबका कप्तान समेत रहेका भुवन कार्की घोषित भए। कार्कीले ५ खेलमा १२ विकेट लिए। प्रतियोगिताका उत्कृष्ट ब्याट्सम्यान शुक्लाफांटा ब्ल्याकबक्सका किरण ठगुन्ना घोषित भए जसले ३ खेलमा १३४ रन बनाए। प्रतियोगिताका उदयमान खेलाडी कैलाली जिल्ला क्रिकेट क्लबका सुधांशु रावल घोषित भए।

विजेता खेलाडीहरूलाई समापन कार्यक्रमका प्रमुख अतिथि सुदूरपश्चिम प्रदेशका सामाजिक विकास मन्त्री झपटबहादुर साउदले पुरस्कृत गरे । प्रतियोगितामा काठमाडौं, रौतहट, दाङ, कैलाली र कञ्चनपुरका गरी १६ वटा टिमको सहभागिता रहेको थियो ।



क्यानाडाको ब्रिटिश कोलम्बियाको भ्यानकुभरमा 'टोइज फर टोट्स' कार्यक्रमको क्रममा सजाइएको बस अगाडि सान्ता क्लजको पोसाक लगाएर स्वागत गर्दै बसका कर्मचारी ।

*तस्बिरः सिन्ह्वा*

# युरेनियमको मूल्य १७ वर्षयताकै उच्च बिन्दुमा


**न्युयोर्क–** आणविक ऊर्जामा नयाँ चासोको पृष्ठभूमिमा सीमित आपूर्ति र तीव्र मागका कारण युरेनियमको मूल्य शुक्रबार करिब १७ वर्षयताकै उच्चस्तरमा पुगेको छ ।

आणविक इन्धनको रूपमा प्रयोग गरिने युरेनियम अक्साइडको कारोबारका लागि महत्त्वपूर्ण मानिने सम्झौता जनवरी २००७ पछि पहिलोपटक प्रतिपाउण्ड अर्थात् करिब ४५३ ग्रामको ८५.७५ डलर पुगेको छ ।

आणविक ऊर्जामा नयाँ चासोको कारण मागमा भएको वृद्धि र युक्रेनमा रूसको आक्रमणपछि तेल र ग्यास आपूर्तिको बारेमा डरको कारण पनि यो मूल्यवृद्धि कारकहरूको संयोजनको परिणाम हो ।

अमेरिकी ऊर्जा सूचना प्रशासनका अनुसार सन् २०२१ मा आणविक ऊर्जाबाट करिब ७० प्रतिशत विद्युत् उत्पादन गर्ने फ्रान्सजस्ता आणविक ऊर्जामा अत्यधिक निर्भर मुलुकका लागि उच्च मूल्यले टाउको दुखाइको विषय बन्ने छ ।

फ्रान्स, बेल्जियम, बेलायत र रोमानियाले हालै धेरै अवरूद्ध पावर प्लान्टहरूको सञ्चालन र विस्तारका लागि अनुमति दिएका छन् । संयुक्त राज्य अमेरिकाको क्यालिफोर्नियाको पब्लिक युटिलिटिज कमिसन (सिपियुसी)ले बिहीबार लस एन्जलस नजिकैका दुई रिएक्टरको आयु पाँच वर्ष थप्न स्वीकृति दिएको छ । विशेषगरी चीनमा नयाँ परियोजनाहरू पनि सुरु गरिएका छन् । चीनमा २५ रिएक्टरहरू निर्माणाधीन छन् । भारत,



टर्की र इजिप्टमा पनि नयाँ परियोजनाहरूको उल्लेख्यरूपमा वृद्धि भएको छ ।

आणविक उद्योग अनुसन्धान फर्म युएक्ससीका अध्यक्ष जोनाथन हिन्जेका अनुसार आणविक ऊर्जाको बढिरहेको मागलाई आपूर्तिले सम्बोधन गर्न सकिरहेको छैन । विश्व आणविक संघ (डब्ल्युएनए) का अनुसार विश्वको सबैभन्दा ठूलो युरेनियम उत्पादक कजाकस्तानमा रहेको मागलाई आपूर्तिले सम्बोधन गर्न सकेको छैन । गत वर्ष विश्वव्यापी उत्पादनको ४३ प्रतिशत काजकस्तानले सम्बोधन गरेको थियो ।

कजाकस्तानले विशेषगरी निकासीका लागि प्रयोग गरिएको सल्फ्युरिक एसिडको कमी र बन्दोबस्तीको समस्याहरूको सामना गर्नुपरेको हिन्जले बताए । डब्ल्युएनएका अनुसार सन् २०२२ मा विश्वभर करिब ५८ हजार टन युरेनियम निकालिएको थियो ।

गत वर्ष विश्वमा युरेनियम उत्पादनको चार प्रतिशत हिस्सा ओगटेको नाइजरमा हालै भएको सैन्य 'कू'बाट पनि वित्तीय बजार चिन्तित भएको हिन्जेले बताए ।

रिपब्लिकन नेतृत्वको अमेरिकी हाउस अफ रिप्रेजेन्टेटिभ्सले सोमबार रूसबाट युरेनियम आयातमा प्रतिबन्ध लगाउने पक्षमा मतदान गरेको छ । यो विधेयक अझै पनि डेमोक्र्याटिक पार्टीको नियन्त्रणमा रहेको सिनेटबाट पारित हुन बाँकी छ । यी सबै कारकहरू युरेनियमको ठूलो भण्डार जम्मा गर्ने र मूल्यवृद्धि गर्ने वित्तीय खेलाडीहरूको उदयबाट जटिल छन् ।

यीमध्ये सबैभन्दा ठूलो भण्डारगृह क्यानडाको स्प्रोट हो, जसले जुनको अन्त्य सम्ममा लगभग २८ हजार टन युरेनियम भण्डारण गरेको छ । युरेनियमको बढ्दो माग पूरा गर्न अमेरिकी राज्य उटाहजस्ता स्थानहरू जस्तै विश्वभरिका पुराना खानीहरू पुनः खोलिएका छन् ।

'युरेनियमको माग बलियो रहने छ र बढ्ने छ,' युएक्ससीका हिन्जेले भने, 'रातारात आपूर्ति बढाउन सम्भव छैन । नतिजाको रूपमा, यदि केही छ भने मूल्य अझ बढ्ने छ, घट्ने वा नियन्त्रण हुने होइन ।' *रासस/एएफपी*

# गल्तीबस तीन बन्धक मारिएकोप्रति इजरायल सरकार दुःखी

**तेल अभिभ–** इजरायलले गाजामा बन्धक बनाइएका तीनजना कैदीको गल्तीबस मृत्यु भएको भन्दै उक्त घटनाप्रति दुःख व्यक्त गरेको छ । इजरायली सेनाले उक्त घटनालाई लिएर तेल अभिभमा भएको प्रदर्शनप्रति पनि खेद व्यक्त गरेको छ ।

इजरायली सेनाका अनुसार योतम हैम, एलन शम्रिज र समर अल-तलालकालाई गाजा सहरको सीमा क्षेत्रमा अपरेसनको क्रममा गोली हानिएको थियो । हमासले अक्टोबर ७ मा इजरायलमा गरेको आक्रमणका क्रममा बन्धक बनाइएका अनुमानित २४० व्यक्तिमध्ये यी तीनजना पनि थिए ।

इजरायली रक्षा बलका प्रवक्ता डेनियल हागारीले भने, 'शेजैयामा भएको लडाइँको क्रममा इजरायली रक्षा बल (आइडिएफ)ले गल्तीले तीन जना



इजरायली बन्धकलाई खतराको रूपमा पहिचान गरेको थियो र फलस्वरूप उनीहरूमाथि गोली चलायो र बन्धकहरू मारिए । आइडिएफ यस दुखद् घटनाको बारेमा गहिरो दुःख व्यक्त गर्दछ र परिवारको दुःखमा साझेदारी गर्दछ ।'

उनीहरूको शव इजरायलमा सारिएको थियो । अनुसन्धानबाट उनीहरू २८ वर्षीय र-हेम, २५ वर्षीय एल-तालल्का र २६ वर्षीय शाम्रिज भएको पुष्टि भएको थियो । इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतन्याहूले उनीहरूको मृत्युलाई 'सहन कठिन दुखद्' घटना भनेका छन् ।

'सम्पूर्ण इजरायल आफ्नो क्षतिप्रति दुःखी छन्,' उनले भने । ह्वाइट हाउसले पनि यो घटनालाई 'दुःखद गल्ती' भनेको छ । घटनाको खबर फैलिएपछि तेल अभिभस्थित इजरायलको रक्षा मन्त्रालयमा सयौं मानिस भेला भएका थिए र नेतन्याहूको सरकारलाई हमास शासित क्षेत्रमा रहेका १२९ जना बन्धकको रिहाइका लागि आग्रह गरेका थिए ।

प्रदर्शनकारीहरूले इजरायलको झण्डा र प्लेकार्ड बोकेका देखिन्थ्यो । एउटा प्लेकार्डमा लेखिएको थियो, 'हरेक दिन एकजना बन्धकको मृत्यु हुन्छ ।'

'मलाई डर लागिरहेको छ,' हमासले बन्धक बनाएका एक महिला इटे स्विस्कीकी बहिनी मेराभ स्विस्कीले भनिन्, 'हामी अहिले नै बन्धकका लागि सम्झौता गर्नका लागि माग गर्छौं ।'

गत नोभेम्बरमा इजरायली जेलमा रहेका केही प्यालेस्टाइनीहरूको बदलामा १०० भन्दा बढी बन्धकहरूलाई हमासलद्वारा मुक्त गरिएको थियो । त्यसपछि त्यो सम्झौता अन्त्य भई लडाइँ फेरि सुरु भएको छ । *रासस/एएफपी*

## पुटिनको चेतावनी

# रूसको चुनावमा हस्तक्षेप गर्नेमाथि कठोर कदम लिइन्छ

**मस्को–** आगामी वर्षको निर्वाचनमा विदेशी हस्तक्षेप भएमा यसको विरूद्धमा रूसले 'कठोर' कदम लिने रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले बताएका छन् । उनले विपक्षी नेताहले विदेशमा रहेर आफूविरूद्ध निर्वाचन अभियान चलाउनसक्ने सम्भावनालाई संकेत गर्दै विदेशमा बसी स्वदेशी अभियानलाई प्रभावित पार्न खोज्ने जोकोही पनि रूसी कानुनको कठघरामा उभिनुपर्ने चेतावनी दिएका छन् ।

'रूसको आन्तरिक मामिलामा कुनै पनि हस्तक्षेपलाई रूसी कानुनअनुसार दण्डित र कठोर सजाय दिइने छ,' संसद्को तल्लो सदन डुमामा पार्टीका नेताहरूसँगको भेटमा पुटिनले भने, ' हामी हाम्रा जनताको स्वतन्त्रता, सार्वभौमिकता र आफ्नो भविष्य रोज्ने अधिकारको रक्षा गरिरहेका छौं । हाम्रो देशमा शक्तिको स्रोत केवल रूसका जनतामात्र हुन् ।'



गत वर्ष युक्रेनको युद्धभूमिमा पश्चिमा प्रतिबन्ध र असफलताको सामना गर्नुपरेका पुटिन सन् २०२३ को अन्त्यमा थप उत्साहित देखिएका छन् । पछिल्लो समय बहुचर्चित युक्रेनी प्रतिआक्रमणले रूसी रेखाहरू तोड्न असफल भएको छ, अर्थव्यवस्था सुधार भइरहेको छ, र किभका लागि पश्चिमी समर्थन कमजोर भएको देखिन्छ, अमेरिकी कंग्रेस र युरोपेली संघमा नयाँ सहायता कार्यक्रमहरू रोकिएका छन् ।

पुटिनले पछिल्लो समय युक्रेनी सैनिकलाई कैदीका रूपमा पक्राउ गर्ने क्रम ह्वात्तै बढेको बताएका छन् । गत हप्ता उनले मार्च २०२४ को चुनावमा पाँचौं कार्यकालका लागि राष्ट्रपति पदका लागि आफूले उम्मेदवारी दिने घोषणा गरेका थिए । प्रभावशाली विपक्षी नेताहरू जेलमा रहेकाले लगभग २५ वर्ष सत्तामा रहेका पुटिनलाई आफ्नो विजय यात्रा सहज बनेको छ ।

विशेषगरी भ्रष्टाचार विरोधी अभियानकर्ता एलेक्सी नाभाल्नीलगायत अधिकांश प्रमुख रूसी विपक्षी नेताहरू जेलमा थुनिएका छन् वा निर्वासित जीवन बिताइरहेका छन् । *रासस/एएफपी*

# अमेरिकामा घरबारविहीनको संख्या बढ्यो

**वासिङ्टन–** संयुक्त राज्य अमेरिकामा घरबारविहीन हुनेको संख्या यस वर्ष कीर्तिमानीस्तरमा पुगेको शुक्रबार सार्वजनिक गरिएको एक सरकारी प्रतिवेदनले देखाएको छ ।

अमेरिकी आवास तथा सहरी विकास विभागका प्रमुखले गरेको गणनाअनुसार डिसेम्बरसम्ममा देशभर छ लाख ५३ हजार १०० भन्दा बढी मानिस घरबारविहीन भएका छन् । यो संख्या अघिल्लो वर्षको तुलनामा ७० हजार ६५० अर्थात् १२ प्रतिशत बढी हो र सन् २००७ मा तथ्यांक संकलन सुरु भएयताकै सबैभन्दा बढी हो ।

अफ्रिकी अमेरिकीहरू कूल अमेरिकी जनसंख्याको १३ प्रतिशत छन् तर घरबारविहीन भएकामध्ये ३७ प्रतिशत अफ्रिकी अमेरिकीहरू रहेका छन् । सन् २०२२ देखि २०२३ को बीचमा पहिलो भाषाका रूपमा स्पेनी भाषा प्रयोग गर्ने भनेर पहिचान गर्ने व्यक्तिमा घरबारविहीन हुनेको संख्यामा २८ प्रतिशत अर्थात् ३९ हजार १०६ जनाले वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ ।

सन् २०१२ देखि नै घरबारविहीन अवस्थामा रहेका बालबालिकाको संख्या पनि १६ प्रतिशतले वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ । जनवरीमा घरबारविहीन भएका छ लाख ५३ हजार १०० मध्ये हरेक १० जनामा छ जना आश्रयस्थल वा अन्य अस्थायी आवासमा थिए भने १० मध्ये चारजना मानवबस्तीका लागि नबनेको ठाउँमा थिए ।

क्यालिफोर्नियामा सबैभन्दा धेरै एक लाख ८१ हजार ३९९, न्युयोर्कमा एक लाख तीन हजार २००, फ्लोरिडामा ३० हजार ७५६, वासिङ्टनमा २८ हजार ३६, टेक्सासमा २७ हजार ३७७ र ओरेगनमा २० हजार १४२ जना घरबारविहीन छन् ।

विशेषज्ञहरूका अनुसार संयुक्त राज्य अमेरिकामा घरबारविहीनताको संकटलाई गरिबी, मानसिक स्वास्थ्य, लत र आवासको अभावलगायत धेरै कारकहरूले बढावा दिइरहेको छ । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११९१०० | प्रति तोला – ११८५५० | प्रति तोला – १४७० |

# ‘माग बढ्दो तर स्रोतमै पानी घट्दो’

■ टीकाराम सुनार/शंखर पहाडी




**जनकपुरधाम–** सर्लाहीको बागमती नदी आसपासका जमिन हराभरा हुन थालेको धेरै भएको छैन । तीस वर्षअघिसम्म नदी किनारका बगर घर छाउन प्रयोग हुने खरले ढकमक्क ढाकेका र अरु अधिकांश ठाउँमा मकैखेती मात्रै हुने गरेको अवस्था सर्लाहीको बर्थना हजरियाका लक्ष्मी महतोको मानसपटलमा ताजै छ । तर अहिले भने त्यो अवस्था छैन ।

हिजोको बगरमा आज मौसमअनुसारको खेती हुन थालेको छ । धान, मकै र गहुँखेती गर्ने किसान त्यसैमा सीमित छैनन् । बाह्रै महिना कुनै न कुनै खेती गर्ने प्रचलन बढ्दो छ । त्यसैले खेत वर्षभरि हराभरा देखिन थालेका छन् । ‘बगरमा खर र अन्य ठाउँमा दुई याममा लगाइने परम्परागत धान, गहुँ र मकैखेती मात्रै हुन्थ्यो । त्यसबाट किसानको गुजारा पनि चल्थेन । अहिले त्यो समय बदलिएको छ । किसानहरूले उन्नत जातको बाली लगाउनुका साथै तरकारी खेती गरेर राम्रो आम्दानी गरिरहेका छन्,’ महतोले भने ।

उनका अनुसार बागमती सिँचाइ आयोजनाको पहुँच क्षेत्रमा अन्य ठाउँभन्दा राम्रो उत्पादन भइरहेको छ । मकै उत्पादनमा नेपालकै नमूना भनेर चिनिन थालेको छ भने आलु, गोलभेंडालगायत तरकारी उत्पादनबाट उर्बरभूमिको पहिचान बनाउँदै छ । ‘सिँचाइ सुविधा र कृषकमा आएको चेतनाका कारण अहिले परम्परागत खेती गर्ने प्रवृत्ति बदलिएको छ । यस ठाउँमा अचेल बाह्रै महिना कुनै न कुनै खेती हुन्छ । मौसमअनुसारको बालीका साथै बेमौसमी उत्पादन पनि भइरहेको छ । अहिले दलहन, तेलहन, तरकारी, मकैलगायत बालीको वर्षभरि खेतीपाती हुन्छ,’ महतोले भने, ‘यो बागमती सिँचाइ आयोजनाले ल्याएको बदलाब हो । तर पहुँच क्षेत्रमा पर्याप्त पानी र अरु क्षेत्रमा पहुँच विस्तार गर्न सके यो क्षेत्रले अझै फड्को मार्थ्यो ।’

बागमती नगरपालिका–१० का वीरबहादुर खड्का देशमै अन्नभण्डारको रूपमा परिचित मधेस प्रदेशमा सिँचाइ सुविधा पुगेमा उत्पादन वृद्धि र नमूना कृषि क्षेत्रको विकासमा टेवा पुग्ने उदाहरण पानीको पहुँच भएका ठाउँहरूको उत्पादनबाट प्रस्ट हुने बताउँछन् । खड्का भन्छन्, ‘सिँचाइ सुविधा पुगेमा यहाँका किसानहरूले रोजगारीका लागि अर्को विकल्प सोच्नु पर्दैन । तर पर्याप्त र सबै ठाउँमा पानी पुग्न नसकेकाले सोचेजस्तो खेतीपाती गर्न सकिरहेका छैनौं ।’

समस्याका बीच पनि विभिन्न माध्यमबाट सिँचाइ सुविधा पुगेका क्षेत्रमा गोलभेंडा, परबल, बोडी, सिमी, भान्टा, करेलालगायत तरकारी उत्पादनमा निरन्तर प्रगति हुँदै गएको कृषि थोक बजार व्यवस्थापन समिति, लालबन्दीका अध्यक्ष तोरणबहादुर मगरको भनाइ छ । त्यहाँको उत्पादन हाल सिन्धुली, रामेछाप, काठमाडौं, पोखरा, बुटवल, भैरहवा, नारायणघाट, नेपालगञ्ज, हेटौंडा, वीरगञ्ज, गौर, जनकपुर, सिरहा, विराटनगर, इटहरीका साथै छिमेकी देश भारतको सोनवर्षा तथा सीतामाडीलगायतका बजारमा निर्यात हुने गरेको उनले बताए ।

‘बागमती नहर बन्यो हाम्रो सपना पनि बढे । मकैमा निर्भर यहाँका कृषकहरूले धान, मकै, दलहन, तरकारीबालीको खेती गर्न थाल्यौं तर पानी अभावले सोचेजस्तो खेतीपाती गर्न सकिरहेका छैनौं । सुनकोशी-मरिन पथान्तरणपछि हाम्रो सपना थप फराकिलो हुनेछ । पक्कै यो अवस्था बदलिने छ,’ रक्षापुर जल उपभोक्ता समिति, बागमती–१० का अध्यक्षसमेत रहेका खड्काले भने ।

सुनकोशी-मरिन पथान्तरणको काम नहुँदासम्म भएकै बागमती सिँचाइबाट बढी लाभ लिनेगरी व्यवस्थापनको जरुरी रहेको भनाइ छ जल उपभोक्ता महासंघ, सर्लाहीका अध्यक्षसमेत रहेको महतोको । ‘एकातिर स्रोतमै पानीको कमी छ भने अर्कोतिर धेरै पुराना, माटोका नहर हुँदा भएकै पानी पनि खेतसम्म पुग्दैन । चुहावटका कारण पहुँच भएकै ठाउँमा पनि पर्याप्त पानी पुगेको छैन,’ महतोको गुनासो छ, ‘त्यसले आयोजनाले नहरको उचित मर्मतसम्भार र व्यवस्थापन सुधार गरी भएकै पानीबाट बढीभन्दा बढी लाभ लिने अवस्था बनाउनुपर्छ । आयोजनाले प्रभावकारी कार्ययोजना बनाएर काम गर्नुपर्‍यो ।’

कृषि ज्ञान केन्द्र सर्लाहीका निमित्त प्रमुख देवानन्द राय यादव पनि बागमती सिँचाइ अर्थात् सतह सिँचाइको पहुँच पुगेका क्षेत्रमा बाली सघनता, उत्पादकत्व वृद्धि भए पनि जिल्लामा सिमानातर्फका क्षेत्रमा नहर पहुँच नहुँदा बहुसंख्यक कृषकले लाभ लिन नसकेको बताउँछन् । ‘पानी लाग्ने क्षेत्रमा धानलगायत कृषि उपजको उत्पादन राम्रो देखिन्छ तर आकासे वर्षाको भर पर्ने स्थानका कृषकले राम्रोसँग खेती गर्न पाएका छैनन् । बोरिङबाट पानी चलाएर खेती गर्दा लागत बढ्ने हुँदा कृषितर्फको आकर्षण बढिरहेको छैन । यी ठाउँमा सिँचाइको पहुँच विस्तार गर्न जरुरी छ,’ उनले भने ।

बागमती सिँचाइ आयोजना प्रमुख भिलानन्द यादव ३० वर्ष पहिले र अहिले खेती गर्ने प्रवृत्ति बदलिएर पानीको माग बढे पनि स्रोतमा नै पानीको अभाव भएकाले माग र आपूर्तिमा सन्तुलन मिलाउन कठिन भइरहेको बताउँछन् । तर भएकै पानीलाई आलोपालो विधिमार्फत खेतमा पुर्‍याउनका लागि हरसम्भव प्रयास भइरहेको यादवले बताए । ‘धानखेती अर्थात् वर्षमा दुई याममा मात्रै खेतीपाती हुने बेला आयोजना बनाइएको हो तर अहिले त दलहन, तेलहन, तरकारी, मकै गरी वर्षभरि खेतीपाती हुन्छ,’ आयोजना प्रमुख यादवले भने, ‘उही संरचनाबाट कृषकको बदलिँदो आवश्यकता सम्बोधन गर्न वर्षभरि पानी चलाउनुपर्ने बाध्यता छ । यसले नहर मर्मत तथा व्यवस्थापनमा केही समस्या भइरहेको छ ।’

आयोजनाका प्रमुख डिभिजनल इञ्जिनियर रञ्जनराज भट्टराईले नहरको पहुँच क्षेत्रमा बनाइएका जल उपभोक्ता समितिहरूसँगको सल्लाहमा पानीको वितरणलगायत कार्यहरू भइरहेको बताए । पहुँच क्षेत्रमा १३० जल उपभोक्ता समिति गठन गरिएका र ती समितिमा आबद्ध किसानसँग नियमित बैठक बसेर समस्याको पहिचान र निदानको काम सँगसँगै अगाडि बढाउने गरिएको भट्टराईले बताए । उन भन्छन्, ‘अहिले दुईवटा मूल नहर, त्यसका तीन/तीनवटा शाखा नहर र २१ वटा प्रशाखा नहरबाट पानी वितरणको काम भइरहेको छ । सर्लाही र रौतहटको ४५ हजार ६०० हेक्टरमा जमिनमा सिँचाइ पहुँच छ । त्यसको अभिकतम् उपयोगको नीतिअनुसार हामीले काम गर्दै आएका छौं । एक लाख २२ हजार हेक्टरमा सिँचाइ पहुँच पुर्‍याउने लक्ष्यसहित बनिरहेको सुनकोशी-मरिन डाइभर्सनपछि किसानका सबै गुनासाहरू सम्बोधन हुने छन् ।’

**‘सबैको सपना सुनकोशी-मरिन पथान्तरण’**

बागमती सिँचाइ आयोजना आर्थिक वर्ष २०३५/३६ मा निर्माण सुरु भई २०५० सालमा सम्पन्न भएको थियो । पहिलोपटक सन् १९६७-१९७२ मा तयार गुरुयोजना र पछि सन् १९७९/८० मा अध्ययन पुनर्संरचना गरिएको यस आयोजनाबाट समग्रमा एक लाख २२ हजार हेक्टर जग्गामा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य छ । दुई चरणमा निर्माण गरिने योजनाअनुसार पहिलो चरणको प्रथम खण्डमा बागमती नदीमा ब्यारेज निर्माण गरी सर्लाही र रौतहट जिल्लाको ४५ हजार छ सय हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधाको विकास र दोस्रो खण्डमा बारा जिल्लाको करिब २२ हजार चार सय हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधाको विकास समावेश गरिएको थियो ।

पहिलो चरणमा ६८ हजार हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ पहुँच पुर्‍याउने परिकल्पना भए पनि पहिलो खण्डको काम सम्पन्न भई ४५ हजार ६०० हेक्टरमा नहर पहुँच पुगेको छ । तर बारातर्फको २२ हजार ४०० हेक्टरमा पानी पुर्‍याउने काम हुन सकेको छैन ।

त्यसैगरी आयोजनाको दोस्रो चरणअन्तर्गत राष्ट्रिय गौरवको सुनकोशी-मरिन बहुउद्देश्यीय आयोजनाको काम भइरहेको छ । प्रमुख भट्टराईका अनुसार दोस्रो चरणको लक्ष्य हासिल गर्न करिब ६७ घनमिटर प्रतिसेकेन्ड पानी सुनकोशी नदीबाट बागमती नदीमा मिसाउने नदी स्थान्तरणको कार्य सम्पन्न भएमा रौतहट तथा सर्लाहीमा सीमित आयोजनाले धनुषा र महोत्तरी जिल्लामा समेत थप सिँचाइ विस्तार गर्नेछ । त्यसका लागि दोस्रो चरणको विस्तार तथा मौजुदा संरचनाको पुनःनिर्माण एवं जीर्णोद्वारबारे अध्ययन तथा त्यसको कार्यान्वयन गर्न दुईवटा परामर्शदातामार्फत अध्ययनको काम भइरहेको आयोजना प्रमुख यादवले जानकारी दिए । उनले भने, ‘नदी पथान्तरणपछि धनुषाको नगराइन, महोत्तरीको रातुखोला र बाराको दुधौरासम्म सिँचाइ पहुँचका लागि पूर्वाधार निर्माण गर्न विस्कृत परियोजना प्रतिवेदन (डिपिआर) तयारी र अध्ययनकै क्रममा छ ।’

वि.सं. २०५० अर्थात् ३० वर्षअघि निर्माण गरिएको सो आयोजनाले वर्षैपिच्छे नहर संरचना टालटुल र मर्मतसम्भार गरी सिँचाइ सुविधा पुर्‍याइरहेको छ । बागमती नदीको स्रोतमै पानी बहावमा कमी आएपछि आयोजनाको नहरमा पानी घट्दै गएको र चुहावटका कारण नहर मुहानको पानी खेतमा पुग्ने अवस्था पनि नरहेको किसानले गुनासो गर्दै आएका छन् । हाल ४९ किलोमिटर लम्बाई रहेको आयोजनाको मूल नहरको पूर्वतर्फ रौतहट क्षेत्रमा २२ हजार ६०० हेक्टर अर्थात् २२.२५ किमी र पश्चिमतर्फ सर्लाहीतिर २३ हजार हेक्टर अर्थात २८ किलोमिटर क्षेत्रमा पहुँच छ । यो गुरुयोजनाअनुसार कूल क्षमताको ३७ प्रतिशतमात्रै हो । *रासस*

# भरतपुर भ्रमण वर्षको सुरू नारायणी किनारबाट

**चितवन–** चितवनको भरतपुर महानगरपालिकाले यहाँको पर्यटन प्रवर्द्धनका लागि सन् २०२४ लाई भ्रमण वर्षका रूपमा मनाउँदै छ । झन्डै एक वर्ष अघिदेखि थालिएको तयारी अन्तिम चरणमा पुगेको छ ।

सन् २०२४ जनवरी १ तारिखमा नारायणगढस्थित नारायणी नदी किनारमा ठूलो सफ्यामा स्थानीय र अतिथिको उपस्थितिमा भ्रमण वर्ष घोषणा गरिँदै छ । महानगरपालिकाका पर्यटनविज्ञ सल्लाहकार डा विश्व सुवेदीका अनुसार प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले भ्रमण वर्षको शुभारम्भ गर्ने कार्यक्रम छ ।

पर्यटनविज्ञ सुवेदीका अनुसार घोषणा कार्यक्रममा ५० हजार हाराहारी स्थानीयलाई उपस्थिति गराउने तयारी गरिएको छ । महानगरपालिकाका २९ वडाबाट नागरिकलाई कार्यक्रममा सहभागी गराइँदै छ । यसको नेतृत्व वडाका अध्यक्षले गर्ने गरी तयारी भइरहेको छ । भ्रमण वर्षको वडास्तरमा प्रचारका लागि वडाअध्यक्ष संयोजक रहेको प्रवर्द्धन समिति बनाइएको छ ।

कार्यक्रमको घोषणापूर्व नदी किनारमा स्थानीय कलाकारले सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्नेछन् भने औपचारिक कार्यक्रम सकिएपछि राष्ट्रिय कलाकारले साँझसम्म आफ्नो प्रस्तुति प्रस्तुत गर्नेछन् । भरतपुर महानगरभित्र सात मुख्य गन्तव्य तोकिएका छन् । यसका अतिरिक्त २१ गन्तव्यको समेत प्रचारप्रसार गरिएको छ । मुख्य गन्तव्यलाई ब्लक बनाएर अन्य गन्तव्यको प्रचार गरिएको हो । भ्रमण वर्ष सफल पार्न महानगर प्रमुख रेनु दाहालको संयोजकत्वमा दुई हजार २४ सदस्यीय मूल समारोह समिति, प्रमुख दाहालकै संयोजकत्वमा सात




सदस्यीय निर्देशन समिति, उपप्रमुख चित्रसेन अधिकारीको संयोजकत्वमा १९ सदस्यीय कार्यसम्पादन समिति, एक सय एक सदस्यीय सल्लाहकार समिति र २९ उपसमिति गठन गरिएका छन् । उपसमितिमा सात सय सदस्य रहेका छन् ।

भ्रमण वर्षमा गरिने विभिन्न कार्यक्रम स्थानीय, प्रदेश र सङ्घीय सरकारको सहकार्यमा गरिँदै छ । महानगरका उपप्रमुख चित्रसेन अधिकारीका अनुसार रु ६ करोडभन्दा बढी सरकारी तवरबाट भ्रमण वर्षमा खर्च हुँदैछ । यसका लागि महानगरपालिकाले रु तीन करोड विनियोजन गरेको छ । बागमती प्रदेश सरकारले रु दुई करोड उपलब्ध गराउने प्रतिवद्धता जनाएको छ ।

यसैगरी पर्यटन बोर्डबाट रु ७० लाख निकासा भइसकेको उपप्रमुख अधिकारीले जानकारी दिए । यससँगै भ्रमण वर्ष तयारीका क्रममा भौतिक निर्माणमा समेत महानगरले खर्च गरेको छ । पर्यटकीय पूर्वाधार निर्माण महानगरको योजनाबद्ध खर्च भएको उनले बताए । भ्रमण वर्षसँगै सुस्ताएको यहाँको पर्यटन क्षेत्र चलायमान हुने अधिकारीको अपेक्षा छ ।

महानगर प्रमुख दाहालले भ्रमण वर्षमा दुई लाख बाह्य र पाँच लाख आन्तरिक पर्यटक भित्र्याउने लक्ष्य रहेको बताए । भ्रमण वर्षका अवसरमा महानगरभित्र रहेका होटल, रिसोर्ट र रेष्टुरेन्टलाई विशेष छुटमा प्याकेज दिन आग्रह गरिएको छ । पन्ध्रदेखि ४० प्रतिशतसम्म छुटको प्याकेज दिने गरी महानगरपालिकामा होटल रेष्टुरेन्टले प्रस्ताव पेस गरेका छन् । प्रमुख दाहालका अनुसार महानगरभित्र २० शय्याभन्दा माथिका ६५ पर्यटकीय होटल छन् । मध्यमस्तरका सहित सात हजार जना अट्ने क्षमता महानगरभित्रका होटलमा रहेको उनले जानकारी दिइन् । गैंडाकोटसहित जोड्दा चितवनमा १५ हजार पर्यटकलाई राख्न सक्ने क्षमता रहेको छ ।

भ्रमण वर्षलाई राष्ट्रिय र अन्तरराष्ट्रिय स्तरसम्म प्रचारप्रसार गर्ने गरी विभिन्न कार्यक्रम गरिँदै छ । प्रमुख दाहालका अनुसार ५० भन्दा बढी स्थानीय, राष्ट्रिय र अन्तरराष्ट्रिय स्तरका कार्यक्रम गरिँदै छन् । कसराबाट मेघौलीको गोलाघाटसम्म ‘इन्टरनेसनल ह्यारिटेज म्याराथुन’, इन्टरनेसनल जङ्गल सफारी मार्ट, अन्तरराष्ट्रिय साहित्य सम्मेलनलगायत कार्यक्रम गर्ने योजना छ । *रसस*

# चुँदारा समुदायको पेसा संकटमा

**गुल्मी –** गुल्मीमा काठका भाँडा बनाउँदै आएका चुँदारा समुदायको पेसा पछिल्लो समय सङ्कटमा परेको छ । चुँदारा समुदायले विगतदेखि परम्परागत रूपमा काठबाट कुँदिएका सामग्री बनाएर बिक्री गरी जीविकोपार्जन गर्दै आएका थिए । प्रविधिको विकाससँगै बजारमा आधुनिक प्रविधिबाट निर्मित प्लास्टिकका सामग्री आउन थालेपछि परम्परागत हातले बनाएका काठका सामग्रीको प्रयोग घटेको मालिका गाउँपालिकाको घमिरका नरबहादुर कार्कीले बताए । आयातित प्लास्टिकका सामग्रीले काठका भाँडालाई विस्थापित गरिदिँदा पेसा नै सङ्कटमा परेको उनको भनाइ थियो । आधुनिक प्रविधिसँगै स्थानीय बजारमा सस्तोमा आकर्षक तथा आधुनिक भाँडाकुँडा प्रयोगमा आउन थालेपछि चुँदारा समुदायको पुर्ख्यौली पेसा सङ्कटमा पर्न थालेको हो ।

‘ग्रामीण क्षेत्रमा गिठीको काठबाट निर्माण गरिएका ठेका, आरीलगायत भाँडाहरू दूध, दही र मही राख्नका लागि प्रयोग गरिन्छ’, कार्कीले भने, ‘काठका भाँडामा राखेको दही र मही चाँडो नबिग्रिने हुँदा खानको लागि निकै स्वादिलो र राम्रो मानिन्छ ।’ आधुनिकताले गाईभैंसी पाल्ने, दही, मही बनाउनेको कमी हुँदै जाँदा काठका प्रयोगको पनि कमी आएको उनको भनाइ थियो ।

पछिल्लो समय गाउँघरमा काठबाट निर्मित सामग्रीहरू बिस्तारै लोप हुँदै जान थालेको मुसिकोट नगरपालिका-२ का रेशम चालिसेले बताए । नयाँ पुस्ता बिस्तारै गाउँ छोडेर सहर तथा विदेश पलायन हुने र पुराना पुस्तामा सीप भए पनि बजारीकरण गर्न नसक्दा समस्या भएको उनको भनाइ थियो ।

‘परम्परागत पेसा र पुराना सामग्रीको प्रयोग तथा कला, संस्कृतिको संरक्षण गर्न स्थानीय पालिका र पेसाकर्मीहरूले खासै चासो दिन सकेका छैनन्’, चालिसेले भने, ‘सीप जानेकाले हस्तान्तरण गर्न नसक्नु, बजारीकरणको कमीलगायत कारणले काठका भाँडा र भाँडा बनाउने पेसा नै लोप हुँदै जान थालेका हुन् ।’

बजारमा पाइने प्लास्टिकबाट निर्मित भाँडाहरू झट्ट देख्दा आकर्षक हुने र मूल्य पनि काठका भाँडाको तुलनामा कम पर्ने भएकाले यस्तो समस्या आएको गुल्मीदरबार गाउँपालिकाका अध्यक्ष सरोजकुमार थापाले बताए । परम्परागत सामग्री, कला तथा संस्कृतिसँग जोडिएको काठका भाँडा बनाउने पेसाको संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि पालिकाले चुँदारा समुदायलाई सहयोग गर्ने नीति बनाएको उनले जानकारी दिए ।

‘परम्परागत शैलीबाट निर्माण हुने काठका सामाग्री बनाउन बढी समय लाग्ने र खर्च पनि बढी हुन्छ । बजारमा यस्ता सामग्रीको खपत निकै कम हुन थालेको छ’, परम्परागत रूपमा यो पेसा गर्दै आउनुभएका यमन सुनारले भने । बिक्री कम हुने भएकाले यो व्यवसायबाट जीविकोपार्जनमा समस्या हुन थालेको उनले बताए । ‘गाउँघरमा पाइने काठबाट निर्माण गरिएका सामाग्री बिक्रीका लागि लैजाँदा कहिलेकाहीँ त बिक्री नै नभएर त्यत्तिकै फिर्ता ल्याउनुपर्ने बाध्यता छ’, सुनारले दुःखेसो पोखे । काठबाट निर्मित भाँडाको महत्वका बारेमा जानकारी नभएकाले पनि पछिल्लो समयमा चुँदारा समुदायको पेसा सङ्कटमा परेको उनले बताए ।

सुनारका अनुसार गाउँघरमा गिठीको काठबाट निर्माण गरिएका ठेकाको मूल्य बजारमा प्रतिमाना रु सात सयदेखि रु एक हजारसम्ममा बिक्री हुँदै आएको छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ